पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक

# टुडे एक्सप्रेस

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १७ ❑ अंक १३४ ❑ पृष्ठ ८ २०७९ जेठ १६ सोमबार ( 2022 MAY 30 MONDAY ) ❑ मुल्य रु ५।-

अझै केही दिन वर्षाको सम्भावना ०३ | लागुऔषध खैरो हिरोइनसहित चार पक्राउ ०५ | यातायात क्षेत्रमा समस्यै समस्या ०७

## नेपालीको प्रतिव्यक्ति आम्दानी १८ हजार बढ्यो, ५.८४ प्रतिशत आर्थिक वृद्धिको प्रक्षेपण

**टुडे एक्सप्रेस** / जनकपुरधाम

यो वर्ष नेपालीको प्रतिव्यक्ति आम्दानी १८ हजार रूपैयाँले वृद्धि भएको छ।आर्थिक वर्ष २०७७/७८ मा प्रतिव्यक्ति आम्दानी वार्षिक १ लाख ४६ हजार ५ सय २१ रूपैयाँ रहेकोमा चालु आर्थिक वर्ष १८ हजार रूपैयाँ बढेको हो।शनिबार संसदमा प्रस्तुत आर्थिक सर्वेक्षण-२०७८ अनुसार नेपालीको प्रतिव्यक्ति आम्दानी १ लाख ६४ हजार ५ सय २१ रूपैयाँ पुगेको अनुमान गरिएको छ। हाल अर्थतन्त्रमा उपभोगको हिस्सा ९०.७ प्रतिशत बराबर छ। गत आर्थिक वर्षमा यस्तो हिस्सा ९२.३ प्रतिशत थियो। उपभोगमा ११.५ प्रतिशत वृद्धि भएको छ।प्रतिनिधिसभाको शनिबारको दोस्रो बैठकमा अर्थमन्त्री जनार्दन शर्माले आर्थिक सर्वेक्षण २०७८/७९ पेस गरेका हुन्। आर्थिक सर्वेक्षणमा चालू आर्थिक वर्षको चैत मसान्तसम्मको आर्थिक विवरण समावेश गरिएको छ।आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुनुभन्दा पहिले संघीय संसदमा आर्थिक सर्वेक्षण पेस गर्ने व्यवस्था छ। संविधानमै हरेक वर्षको जेठ १५ गते बजेट प्रस्तुत गर्ने व्यवस्था छ।त्यस्तै चालू आर्थिक वर्ष मुलुकको अर्थतन्त्र ५.८४ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको छ। अघिल्लो वर्ष ४.२५ प्रतिशत वृद्धि भएको थियो।कोभिड-१९ महामारीको प्रभाव क्रमशः कम हुँदै गएको तथा ऊर्जा क्षेत्रको विस्तार उत्साहप्रद रहेकाले अर्थतन्त्रमा विस्तार भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ।विश्वव्यापी कोभिड-१९ महामारीका कारण सन् २०२० मा प्रायः सबै मुलुकको अर्थतन्त्रसहित विश्व अर्थतन्त्र संकुचित हुन पुगेको छ। आर्थिक गतिविधिमा आएको शिथिलताले रोजगारीका अवसर कम भएका छन्। यसले कम आय वर्गका मानिसको दैनिक जीवनयापनसमेत कष्टकर हुनुका साथै रोजगारी र आयमा आएको कमीसँगै गरिबी र असमानता पनि बढेर गयो। तर कोरोनाविरूद्ध खोपको उपलब्धतासँगै आर्थिक सामाजिक गतिविधि सामान्य बन्दै गएका छन्।आगामी दिनमा अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव कम हुँदै जाने पूर्वानुमान रहे पनि रूस र युक्रेन युद्ध लम्बिन सक्ने, रूसमाथि थप प्रतिबन्ध लाग्न सक्ने र पेट्रोलियम पदार्थको मूल्यमा थप वृद्धि हुनसक्ने अनुमानका आधारमा सन् २०२२ मा विश्व अर्थतन्त्र ३.६ प्रतिशत मात्र विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ।आर्थिक सर्वेक्षणअनुसार चालू वर्ष २०७८/७९ मा कृषितर्फ २.३ प्रतिशत, उद्योग क्षेत्रमा ८.१ र सेवामा ६.६ प्रतिशत वृद्धि हुने अनुमान छ। कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९, १४.३ र ६१.८ प्रतिशत छ।आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) ४८ खर्ब ५१ अर्ब ६२ करोड रूपैयाँ रहने अनुमान गरिएको छ। त्यसमध्ये बागमती प्रदेशको अंश सबभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबभन्दा कम ४.१ प्रतिशत रहने अनुमान छ।प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर प्रदेश १ मा ५.४१ प्रतिशत, मधेस प्रदेशमा ४.८२, बागमती प्रदेशमा ६.७४,



गण्डकी प्रदेशमा ६.१७, लुम्बिनी प्रदेशमा ५.३६, कर्णाली प्रदेशमा ५.४७ र सुदूरपश्चिम प्रदेशमा ४.९२ प्रतिशत हुने अनुमान छ।यो आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फिति ५.४ प्रतिशत छ। गत वर्ष यसै अवधिमा यस्तो मुद्रास्फिति ३.५ प्रतिशत थियो।पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, ढुवानी खर्चमा भएको वृद्धि, खाद्यपदार्थ तथा आयातीत कच्चापदार्थ लगायत अन्य वस्तु तथा सेवामा भएको मूल्यवृद्धिका कारण मुद्रास्फितिमा चाप परेको सर्वेक्षणमा उल्लेख छ।आव २०७७/७८ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च १४.४ प्रतिशत बढेर १३ खर्ब ६२ अर्ब १८ करोड रूपैयाँ पुगेको छ। चालू वर्षको फागुनसम्म संघीय राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.६ प्रतिशत बढेर ६ अर्ब ५७ करोड रूपैयाँ पुगेको छ।संघीय खर्च १८० प्रतिशत वृद्धि भई ६ खर्ब ७४ अर्ब ६१ करोड पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघीय सरकारको बजेट घाटा २१ अर्ब ३१ करोड रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो घाटा २९ अर्ब २६ करोड थियो।

६२१ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडियो

आर्थिक सर्वेक्षणअनुसार चालू वर्षको चैत मसान्तसम्म कुल ६२१ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोसी ४५६ मेगावाट आयोजना निर्माण सम्पन्न भई विद्युत उत्पादन नियमित भइरहेको छ। चालु आवमा १ हजार ६ सय २९ मेगावाट बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने लक्ष्य राखिएको थियो। त्यसमा रसुवागढी आयोजनाबाट १११ मेगावाट, साञ्जेन र माथिल्लो साञ्जेनबाट ५६ मेगावाट, त्रिशूली थ्री बीबाट ३७ मेगावाट, राहुघाटबाट ४० मेगावाट, मध्यभोटेकोसीबाट १०२ मेगावाट र निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाबाट एक हजार ५५ मेगावाट बिजुली राष्ट्रिय प्रणालीमा जोड्ने लक्ष्य राखिएको भए पनि लक्ष्यअनुसार प्रगति हुन नसकेको सर्वेक्षणमा उल्लेख छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको विवरणअनुसार राहुघाट जलविद्युत् आयोजनाको भौतिक प्रगति ४२.६८, माथिल्लो त्रिशुली थ्री बीको भौतिक प्रगति ६१.५, रसुवागढी आयोजनाको भौतिक प्रगति ९२ प्रतिशत, माथिल्लो साञ्जेनको ९३ प्रतिशत, तल्लो साञ्जेनको भौतिक प्रगति ८६ प्रतिशत र मध्यभोटेकोसीको भौतिक प्रगति ८० प्रतिशत बराबर छ।

## सम्पर्कविहीन तारा एयरको विमान मानापाथी हिमालको फेदीमा रहेको पुष्टि




**टुडे एक्सप्रेस** / जनकपुरधाम

आइतबार विहान सम्पर्कविहीन भएको तारा एयरको विमान मुस्ताङको मानापाथी हिमालको फेदीमा रहेको भेटिएको छ ।स्थानीयले हिमालको फेदमा पहिरो गइरहेको ठाउँ मुनि जहाज दुर्घटना भएको भनी खबर गरेको नेपाली सेनाका प्रवक्ता सहायक रथी नारायण सिलवालले बताए ।

उनले भने, 'त्यहाँ जहाज दुर्घटना भएको सूचनापछि सबै फौजलाई त्यसतर्फ केन्द्रित गराइएको छ, यद्यपि टोली पुगिसकेको छैन ।' उनका अनुसार नेपाली सेनाको हवाइ फौज कोभाङ भन्ने स्थानमा छ, अहिले स्थानीयले दुर्घटना भएको भनेको स्थानदेखि यो कम्तीमा तीन घन्टाको दूरीमा पर्छ ।पोखराबाट जोमसोम जाँदै गरेको तारा एयरको विमान म्याग्दीको घोडेपानी क्षेत्रबाट विहान १०:०७ पछि सम्पर्कविहीन भएको थियो ।

## रेलमार्ग आयोजनाका लागि ६ अर्ब ५३ बजेट छुट्याइयो



**टुडे एक्सप्रेस** / जनकपुरधाम

सरकारले पूर्व-पश्चिम रेलमार्गसहितका रेलमार्ग आयोजनाका लागि यो वर्ष ६ अर्ब ५३ बजेट छुट्याएको छ ।आइतबार आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै अर्थमन्त्री जनार्दन शर्माले रेलमार्गका आयोजनाहरूका अघि बढाउने, मुआब्जा तिर्ने र आध्ययन गर्ने कामका लागि पर्याप्त बजेट विनियोजन गरेको जानकारी दिए ।दुई छिमेकी देशसँग जोडिने प्रस्तावित अन्तरदेशीय रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने काम उनीहरूकै जिम्मामा छाडेको छ। पूर्वपश्चिम रेलमार्गको मध्य खण्डमा भने सरकार आफैंले निर्माणको काम गरिरहेको छ ।विभागले पूर्व-पश्चिम रेलमार्गको एउटाबाहेक सम्पूर्ण खण्डको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिसकेको छ ।विभागले डीपीआर सकिएका सबै खण्डका लागि जग्गा अधिग्रहण गरेर निर्माणको काम थाल्न सरकारलाई गत वर्षदेखि नै प्रस्ताव गर्दै आएको छ। हाल विभागले पूर्व-पश्चिम रेलमार्गअन्तर्गत बर्दिवास-निजगढ खण्डमा रेल्वे ट्र्याक निर्माण गरिरहेको छ। यो करिब ७० किलोमिटरको खण्ड हो ।विभागले आगामी वर्षबाट बर्दिबासदेखि निजगढ रेलमार्गमा लिक बिछ्याउने काम सुरु गर्ने लक्ष्य राखेको छ ।काँकडभिट्टा-इनरुवा-विराटनगर खण्ड करिब १०६ किलोमिटरको जग्गा अधिग्रहण गर्ने काम चलिरहेको छ। पश्चिमतर्फ बुटवलदेखि गड्डाचौकीसम्म चार सय २१ किलोमिटरको डीपीआर तयार भइसकेको छ।

नवलपरासीको चोरमारादेखि बुटवलसम्मको डीपीआर बनिसकेको छ भने पूर्वमा इनरुवादेखि काँकडभिट्टा खण्डको डीपीआर पनि तयार छ ।निजगढबाट हेटौंडा हुँदै नवलपरासीसम्मको खण्डको डीपीआर निर्माणको चरणमा छ। सरकारले पूर्व-पश्चिम रेलमार्गको मूल रूटलाई नौ खण्डमा विभाजन गरेको छ ।मूल खण्डहरू नौ सय ४५ किलोमिटरको भए पनि पोखरा-काठमाडौं, काठमाडौं-वीरगञ्जलगायत सहायक रेलमार्गलाई जोड्ने हो भने एक हजार तीन सय ७६ किलोमिटर हुनेछ।

## बेलाकुटीको जग्गामा बनाइएका टहरा तथा भवन खाली गराईने

**टुडे एक्सप्रेस** / जनकपुरधाम

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ स्थित गुठी संस्थानअन्तर्गत बेलाकुट्टीको जग्गामा बनाइएका टहरा तथा भवन हटाउन वडा कार्यालयले सूचना जारी गर्ने भएको छ ।शुक्रबार बिहान करिब ८ बजे वडा नं २३ स्थित बेलाकुट्टी नजिक गुठीको जमिनमा भइरहेको निर्माण कार्य रोक्न स्थानीय पुगेपछि सोही वडाका अध्यक्ष राघवेन्द्र प्रसाद साहले अतिक्रमित जग्गामा निर्माण गरिएका भवन सूचना जारी गरी चाँडै खाली गराइने बताए। त्यहाँ उपस्थित स्थानीयलाई नआत्तिनुस् अब वडा नं। २३ को जमिन कसैले अतिक्रमण गर्दैन र अतिक्रमित भएका जमिन पनि सूचना जारी गरी खाली गराइने उनले बताए ।सोही दिन अतिक्रमण भएका जमिन खाली गराउन मौखिक रुपमा सूचना दिन जाँदा अतिक्रमणकारीको ढुङ्गा प्रहारले सोही वडाका अब्दुल सतारको टाउकोमा चोट समेत लागेको छ ।स्तन्त्रबाट निर्वाचित हुनुभएका अध्यक्ष साहले विगतका दिनमा अतिक्रमण भएका जग्गा खाली गाराई अतिक्रमण वडा नं २३ लाई अतिक्रमण मुक्त बनाउने भने। जनसङ्ख्याको चाप बढ्दै जाँदा बस्तीहरूको चाप पनि बढेको हुँदा वडाका बालकालिकाका लागि खेल्ने स्थान चिल्ड्रन पार्कको निर्माण गर्ने बताए। अब उपरान्त वडा परिसरमा गैरकानुनी र स्थानीयको इच्छा विपरीत कुनै पनि भौतिक संरचना



निर्माण नहुने बताए ।विगतका दिनमा अतिक्रमण मुक्त बनाउन गरेका पहलहरू बारे जानकारी लिन अध्यक्ष साहले आफुले पदस्थापन गरेकै दिन ताकेता सम्बन्धमा नेपाल सरकार गृहमन्त्रालय सिंहदरबार काठमाडौं, जिल्ला प्रशासन कार्यालय धनुषा, केन्द्रीय गुठी संस्थान कार्यालय काठमाडौं र जनकपुरधाम र मुख्यमन्त्री कार्यालय मधेश प्रदेशलाई पत्र समेत काटेका छन् ।यस्तै, सोही स्थानमा भारतीय नागरिक जनकपुरधाममा व्यापार गरि बस्नु भएका जितुप्रसाद गुप्ताले निर्माण गर्न लागिएको भवन स्थानीयले गैर कानुनी रुपमा निर्माण गरिएको भन्दै भत्काएका छन्। भारतीय नागरिक गुप्ताका अनुसार,"आफू डेरामा बस्दै आएको भए पनि स्थानीय सन्तोषकुमार साह नामक व्यक्तिले आफूलाई त्यहाँ घर बनाएर बस्नुस् केही हुँदैन भन्दै एक लाख नगद रुपियाँ समेत लिएको थियो।"सो घरमा आठ लाख बराबरको लगानी समेत गरेको बताए। सो भवन रातारात निर्माण गरिएको स्थानीयको भनाइ छ ।सोही वडाका अर्का स्थानीय नसिन राइनका अनुसार विगतमा अतिक्रमण भइरहको बेला पनि यहाँका स्थानीयले रोकछेक गर्दा पनि जनप्रतिनिधिकै मिलेमतोमा भौतिक निर्माण कार्य भएको थियो तर, अब कानुनी प्रक्रियाबाट अतिक्रमण मुक्त बनाउन जनप्रतिनिधिलाई साथ दिन तयार रहेको स्थानीय नसिन राइनले आफ्नो विचार समेत व्यक्त गरे ।बेलाकुट्टीको जमिन अतिक्रमण हुँदा विगतमा पनि रोक्न खोजिएको हो तर विगतका जनप्रतिनिधिहरूले चाँसो नदेखाउँदा अझै अतिक्रमण हुँदै गएको सोही वडाका पेशाले प्राध्यापक रमेशकुमार साहले बताउनुभयो। अतिक्रमण मुक्त बनाई सो जमिनमा अस्पताल, खेलमैदान वा जनताको आवश्यकता अनुरुप त्यस जमिनलाई उपयोग गर्नुपर्ने समेत भन्नुभयो ।बेलाकुट्टीको करिब १७ बिघा जग्गामा अधाजति अतिक्रमण भएको स्थानीय बताउँछन्। वडा नं २३ का जनप्रतिनिधिले निस्वार्थ भावका साथ काम गर्ने अपेक्षा समेत स्थानीयले गरेका छन्।

## डाक्टर लाइसेन्सको परीक्षामा ३१ प्रतिशत परिक्षार्थीमात्र चिकित्सक बन्न योग्य

**टुडे एक्सप्रेस** / जनकपुरधाम

नेपाल मेडिकल काउन्सिल (एनएमसी) ले लिएको चिकित्सक नाम दर्ता (लाइसेन्स) परीक्षामा ३१ प्रतिशत विद्यार्थीमात्र पास भएका छन। काउन्सिलले बिहीबारदेखि शनिबारसम्म लिएको एमबीबीएस र बीडीएसको लाइसेन्स परीक्षाको नतिजा शनिबार साँझ प्रकाशन गरेको हो। परीक्षामा सहभागीमध्ये ३१ दशमलव ८४ प्रतिशत मात्रै उत्तीर्ण भएको काउन्सिलका रजिष्ट्रार डा. कृष्णप्रसाद अधिकारीले जानकारी दिए। परीक्षामा एक हजार चार सय ९४ जना विद्यार्थी सहभागी भएका थिए।

सहभागी विद्यार्थीमध्ये ४७५ जना मात्र उत्तीर्ण भएका छन्। परीक्षाका लागि कुल १ हजार ५१६ जनाले फारम भरेको भएपनि २२ जना अनुपस्थित भएको र २ जनाको नतिजा रोकिएको डा. अधिकारीले बताए। 'परीक्षामा एक हजार चार सय ९४ जना विद्यार्थी सामेल भएका थिए। यसपटक फेल भएका एक हजार एक सय विद्यार्थी पहिला पनि अनुत्तीर्ण भएका हुन' डा. अधिकारीले भने,' काउन्सिलले एउटा मापदण्ड तोकेको छ। त्यही अनुसार परीक्षा लिंदा धेरै विद्यार्थी फेल भए।'हाल मुलुकमा जम्मा करिब ३० हजार १३३ चिकित्सक काउन्सिलमा दर्ता रहेकोमा करिब ८ हजार ८६२ बढी विशेषज्ञ चिकित्सकका रुपमा दर्ता छन्।

# किसानलाई धानको बीउको पिरोलो

**टुडे एक्सप्रेस** / महोतरी



महोत्तरीमा धानको बीउ भएको छ। हिउँदे धानको बीउ राख्ने बेला भएको बेला बजारमा भरपर्दो बीउ नपाएपछि किसानको पिरोलो बढेको हो। मुख्य बाली धान ठीक समयमा रोप्न नसक्ने छाँट देखिएपछि किसान चिन्तित बनेका छन्। आधा जेठ त भई नै हाल्यो, खै बीउ पाइँदैन, के गर्ने होला रुअहिले यहाँका आम किसान यस्तै भन्छन्। स्थानीय तहको चुनावबाट जितेका प्रतिनिधिले काम सम्हाले पनि 'बीउको प्रबन्ध यहाँ गरिएको छ' कसैले नभनेका भङ्गाहा-४ का किसान मोहन खाँ थारु भन्नुभयो ।चुनावअघि प्रचारमा घरघर पुग्दा अब बस्तीबस्तीमै बीउ, मल सुलभ मूल्यमा व्यवस्था गरिन्छ भन्थे भर्खरै सम्पन्न स्थानीयतह निर्वाचन अभियानको प्रचारप्रसार सम्झदै उहाँ भन्नुभयो, अहिले पद सम्हालेपछि भेट्नै सकिन्न। समयसमयमा परेको पानीले माटोमा धुले बीउ राख्ने चिस्यान पर्याप्त भए पनि बीउको टुङ्गो नहुँदा किसान रनभूल्ल परेका हुन्। यसपालि वैशाखी तरकारी हुरीबतास र पानीले पिटेर गलेको फलफूल हावाहुरीले सोत्तर पारेर झारेको पिरोलो खेपेका यहाँका किसानलाई मध्य जेठ बित्दै गर्दा धानको बीउको समस्या परेको छ। यही जेठ मध्यसम्म धानको बीउ नै नभेटिएपछि यसपालि समयमा ब्याड राख्न र रोपाँइ गर्न नभ्याइने भन्ने किसानको आशङ्का छ। असार पहिलो सातालगत्तै धानको सघन बीउ ९बेर्ना० रोपाँइ सुरु हुने भए पनि अहिलेसम्म धानको बीउको जोहो नै नहुँदा यसपाली ठीक समयमा खेती लाग्न नसक्ने किसानको चिन्ता छ। जेठ आधा त भई नै हाल्यो, धानको बीउ पाइएको छैन जिल्लाको बलवा नगरपालिका-१० धमौराका किसान मन्सुर राइन भन्नुभयो, यसपालि खेतीको सबै तालिका भताभुङ्ग हुनेभयो, समयमै धान रोपाँइ गर्न नपाइने भन्ने परिसक्यो । मध्य जेठमा धानको बीउ ब्याडमा राखी सक्नुपर्नेमा आफूहरू अझै बीउ नपाएर झोक्राउनु परेको उहाँको भनाइ छ।जिल्लाको मुख्य फसल ९बाली० धान लगाउने टुङ्गो नभएपछि किसान घरगुजाराको चिन्ताले पिरोलिएका छन्। पहिले पहिले स्थानीय जातका धान लगाइँदा आफैँले बीउ राख्ने गरे पनि अहिले विकासे जातका धान लाउन थालिकन बीउकै लागि बजारको मुख ताक्नु परेको किसानको भनाइ छ। हाँमीसँग आफ्नै कलमखोर, गोला, हरिणकेर, वानपाकी, जसवा र सञ्जिरासहितका दर्जनौ धानका जात हुन्थे भङ्गाहा नगरपालिका-९ हरिणमरीका ८० वर्षीय किसान जितन यादब भन्नुभयो, विकासे जात धेरै फलाउने भनेर पुरानो धान मासियो, अहिले बीउ नपाएर सास्ती छ। पछिल्ला दुई दशकयता स्थानीय जातका धान लगाउन छाडेपछि प्रत्येक वर्ष ब्याडमा बीउ राख्ने बेलामा धान नपाएर गलफती पर्ने गरेको यहाँका आम किसान बताउँछन्।विकासे धान लगाउन थालीकन वर्षेनिजस्तो जात फेरिने गरेको किसानको अनुभव छ। जिल्लामा जिल्ला कृषि विकास कार्यालय होउञ्जेल तिनका मातहतका कृषि केन्द्र र उपकेन्द्रमा कृषि प्राविधिक बस्ने र बेलाबेला खेतीबारे परामर्श लिन पाउने दिन पनि गएको किसानको गुनासो छ। गाउँमा सिंहदरबार पुगेको कुरामात्र भयो, हाम्रा कुनै स्थानीयतहले कृषि शाखा राम्रो चलाउन सकेनन् लगन र मेहनेतले राम्रो उत्पादन लिन जिल्लामै कहलिएका भङ्गाहा-४ कै किसान सत्यनारायण यादब भन्नुभयो, जिल्ला कृषि विकास कार्यालय हुँदा विषय पिच्छेका विज्ञ ९बाली, फलफूल, तेलहन, मत्स्य० थिए, अहिले कहाँ हराका होलान् भन्ने लाग्छ, पछिल्लोपटक गाउँमा सिंहदरबार पुऱ्याउने कुराले कृषि क्षेत्रका संरचना हटाइँदा सबै भताभुङ्ग बढ्यो ।खेतीपातीबारे बोलाएर राय सल्लाह दिने, हेरिदिने २०७४ कै स्थानीयतहको निर्वाचन भएयता कोही नभेटिएका उहाँले विरक्तिँदै भन्नुभयो । जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहितका १५ स्थानीयतहमध्ये कुनैले कृषि शाखा सञ्चालन गरेर विज्ञहरूबाट किसानलाई सल्लाह दिने, बालीनाली हेरिदिने, कृषि सामग्रीको बजार व्यवस्थापन गर्ने र किसानकै गुनासो सुन्ने ठाउँ कतै नबनेको जिल्लाका आम किसानको गुनासो छ। यद्यपि गत वर्ष जिल्ला सदरमुकाम जलेश्वरमा कृषि ज्ञान केन्द्र सञ्चालनमा भने आएको छ। तर कृषि ज्ञान केन्द्र र स्थानीय तहका कृषिसम्बद्ध निकाय एवं शाखाहरूसँग समन्वय भने नभएको किसान बताउँछन्।हाम्रो सुन्ने कोही छैन विगतमा पर्सापतैली गाविस छँदा उपाध्यक्ष रहिसक्नु भएका हालको जलेश्वर नगरपालिका-५ चौरियाका किसान रहिमन मण्डल भन्नुभयो, अहिले धानको बीउ छैन, अब कसलाई भन्ने हो रु हामी किसानको कसले सुन्छ रु विगतमा जिल्ला कृषि विकास कार्यालय हुँदा सो कार्यालयले नमुना बीउ दिएर प्रोत्साहित गर्ने गरेको र सुलभ मूल्यमा बीउ पाउने गरेको कुरा अब कथाजस्तो भएको मण्डल बताउनुहुन्छ। कहिलेकाँही कुनै स्थानीयतहले उन्नत जातका धानको बीउ सुलभ मूल्यमा किसानलाई वितरण गरेपनि यो कार्यले निरन्तरता नपाएको किसानको गुनासो छ।पोहोर त जेठ निगल्दोतिर नगरपालिकाले ५० प्रतिशत छुटमा बीउ दिएको थियो, खै यसपालि त भर्खर प्रतिनिधिहरू छानिएका छन् , बीउ पाउने त के यसबारे चर्चा पनि छैन बर्दिबास-२ का उमेश आचार्य भन्नुभयो। स्थानीयतहले आ-आफ्नो कार्यालयमा व्यवस्थित कृषि शाखा सञ्चालनमा ल्याएर काम नथालेसम्म व्यथा सुनाउने ठाउँ पनि नपाइएको उहाँको गुनासो छ।जिल्लाका १५ स्थानीयतहमध्ये धेरैजसोमा कृषि शाखा नै सञ्चालनमा छैनन्। केही स्थानीयतहले प्रयत्न थाले पनि आम किसानबीच पुग्न नसकेको बर्दिबास-९ पशुपतिनगरका किसान महेन्द्र महतोले जानकारी दिनुभयो। हामीलाई बालीनाली लगाउने बेला, रोगव्याध लागेका बेला उचित परामर्श चाहिन्छ उहाँले भन्नुभयो, खै यी पक्ष कहिले सुनवाई हुन्छन् रुयसअघि जिल्ला कृषि विकास कार्यालय छँदा उसको मातहत रहेका कृषि केन्द्र र उपकेन्द्रहरू अहिले सम्बन्धित स्थानीयतह मातहत भएका छन्। पहिलेका कृषि केन्द्र, उपकेन्द्रलाई समेटेर स्थानीयतहले कृषि शाखा सञ्चालनमा ल्याउन नसक्दा आवश्यक सेवा र परामर्श किसानले पाउन नसकेका भङ्गाहा-५ सीतापुरका बासिन्दा कृषि क्षेत्रको सरकारी सेवाबाट निवृत्त रामबहादुर भुजेल भन्नुभयो। जिल्लास्थित कृषि ज्ञान केन्द्र प्रदेश सरकार मातहत छन् सहसचिवको सेवाबाट निवृत्त हुनुभएका उहाँले भन्नुभयो, पहिलेका केन्द्र र उपकेन्द्र चै स्थानीयतह मातहत, जिल्लास्थित कृषि ज्ञान केन्द्र र स्थानीयतहका निकायबीच समन्वयको राम्रो तारतम्य मिल्न सकेन।

सैद्धान्तिक रुपमा यस्तो व्यवस्था भए पनि स्थानीयतहले कृषि शाखा सञ्चालन नगर्दा पहिलेका कृषि केन्द्र र उपकेन्द्रका कृषि प्राविधिक अहिले काममा नदेखिएका जिल्लाको आम कुरा नै बनेको छ। यहाँका स्थानीयतहले कृषि शाखाको सफल सञ्चालन गर्न नसकेको स्वीकार गरेका छन्।

यो विलकूल विषय दक्षतामा आधारित क्षेत्र रहेछ भर्खरै भङ्गाहा नगरपालिकामा दोस्रो कार्यकाल सुरु गर्नुभएका नगर प्रमुख सञ्जिवकुमार साहले भन्नुभयो, किसानले बढीभन्दा बढी सेवा लिनसक्ने गरी कृषि शाखाको सञ्चालन र सेवा प्रवाहको उचित समन्वय गर्न सकिएको छैन, हामी यो व्यवस्थापन अब गर्छौं। स्थानीयतहमा रहेका कृषि केन्द्र र उपकेन्द्रमा कार्यरत कृषि प्राविधिक र कर्मचारीले आफूहरू स्थानीयतहको नेतृत्वबाट उपेक्षित भएको गुनासो गरेका छन्। आफूहरूसँग कृषिसम्बन्धी कुनै परामर्श लिने वा योजना बनाउने काममा सहभागिता नखोजिएको कृषि प्राविधिक र कर्मचारीको आम गुनासो छ।रासस

# करणी गर्न खोज्ने युवक किशोरीको प्रतिकारमा मारिए



**टुडे एक्सप्रेस** /बारा

जबरजस्ती करणी गर्न खोज्ने एक पुरुषको ह-त्या आरोपमा पक्राउ परेकी नाबालिकालाई प्रहरीले यातना दिएको घटना सार्वजनिक भएको छ।बाराको जितपुरसिमरा उपमहानगरपालिका-६, नगौल टोलकी १६ वर्षीया नाबालिका निरुता केसीलाई स्थानीय राकेशभक्त पौडेलको हत्या आरोपमा पक्राउ गरी इलाका प्रहरी कार्यालय सिमरा र जिल्ला प्रहरी कार्यालय बाराको अपराध अनुसन्धान टोलीले थुनामा राखेर यातना दिएको पीडितकी आमा दुर्गादेवी क्षेत्रीको आरोप छ।वैशाख ३० गते बिहानै राकेशको हत्या गरेको आरोपमा कक्षा ११ मा पढ्दै गरेकी निरुतालाई प्रहरीले जेठ ८ गते नियन्त्रणमा लिएको थियो। त्यसपछि प्रहरीले थुनामा राखेर शारीरिक र मानसिक यातना दिँदै आएको बालिकाकी आमाले बताएकी छिन्।थुनामा राखिएकी छोरीले घटनाबारे सत्यतथ्य बताउँदा पनि जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत नायब प्रहरी निरीक्षक सागर राणालगायत प्रहरीले निर्घात कुट-पिट गरेर आफूअनुसारको बयान लिन खोजेको उनले बताइन्।'वैशाख २९ गते राति २ बजेतिर छोरी निरुता सुतेको कोठामा राकेशभक्त पुगेर छाती समाउन खोजेपछि छोरीले प्रतिवाद गरिन्,' निरुताकी आमा दुर्गादेवीले घटना विवरण सुनाइन्, 'त्यसक्रममा राकेशले लगाएको घडी कोठामै खस्यो। 'हातमा बियरको बोतलसहित कोठामा छिरेका राकेशले जबरजस्ती करणी गर्न खोजेपछि बाध्य भएर छोरीले बियरको बोतल खोसेर टाउकोमा हान्दा उनी घाइते भए। दुई तलामाथिको कोठाबाट निस्केर भाग्न खोज्दा राकेश गेटमा ठोक्किएर अचेत भएर लडेको दुर्गादेवीले बताइन्। उनी लडेको देखेर दुर्गादेवीका पति चित्रबहादुर क्षेत्री, उद्धव अधिकारी, खगेन्द्र खटपाललगायतले एम्बुलेन्समा राखेर उपचारका लागि सिमराको अल्पाइन अस्पताल हुँदै वीरगन्जको बयोधा अस्ताल लगेको दुर्गादेवीले सुनाइन्।उनका पति चित्रबहादुर माओवादीबाट वडा सदस्यमा चुनाव लडेका र वैशाख २९ गते राति चुनावबारे कुरा गर्न घरमा पार्टीका अन्य कार्यकर्ता तथा नेता जम्मा भएका थिए।

घरमा आएका नेता तथा कार्यकर्तालाई नास्ता गराउँदा छिमेकीसमेत रहेका राकेशलाई पनि चिउरा र मासु खुवाएको उनले बताइन्।चिउरा र मासुसँगै बियर खाएर उनी राति १२ बजेतिर आफ्नो घर गएका थिए।

राकेश घर गएपछि पुनः राति १:३० बजेतिर घरमा बियर माग्न आएपछि फेरि बियरको बोतल दिएको दुर्गाले सुनाइन्। घरमा आएकालाई छतमा सुत्ने व्यवस्था भए पनि राकेश कुर्सीमै सुतेका थिए। केही समयपछि २ बजेको हाराहारीमा राकेश बियरको बोतल हातमा लिएर छोरी सुतेको कोठामा पुग्दा यो घटना हुन पुगेको उनले बताइन्।घटनाबारे यथार्थ कुरा जिल्ला प्रहरी कार्यालय बाराको क्राइम टोलीबाट खटेका सागर राणा र इलाका प्रहरी कार्यालय सिमरालाई बताउँदासमेत छोरीलाई कुटपिट गुर्नका साथै परिवारका अन्य सदस्यलाई पनि कहिले थुनामा राख्ने त कहिले छोड्ने गरेर शारीरिक र मानसिक यातना दिने गरेको उनले सुनाइन्।इलाका प्रहरी कार्यालय सिमरामा भेटिएकी निरुताकी आमा दुर्गादेवीले सत्य कुरा कसैले नपत्याएको बताइन्। थुनामा सोधपुछका नाममा सागर राणाले 'राकेशसँग तेरो लसपस थियो र त सुतिस् होला भन्, तैंले मात्र राकेशलाई मार्न सक्दिनस्' भन्दै छोरीलाई कुटपिट गरेको दुर्गादेवीको आरोप छ।आफूलाई पनि प्रहरीले छोरीसँगै एक दिन थुनामा राखेको उनले बताइन्। त्यसैबेला प्रहरीको कुटाइबाट छोरीको खुट्टा फुलेको र निलडाम परेको आफूले देखेको उनले बताइन्।प्रहरीको कुटाइबाट छोरीको खुट्टा फुलेको देखेपछि आफूले भित्रै तेल मगाएर मालिससमेत गरिदिएको दुर्गादेवीले सुनाइन्। इलाका प्रहरी कार्यालय सिमराका प्रमुख प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले राकेशभक्तको हत्याबारे अनुसन्धान भइरहेकाले केही भन्न नसकिने बताएका छन्।



ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य

## आजको राशिफल

परामर्शको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्ने छ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खरावी र हला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभ कार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आजको समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# बाढी पूर्वतयारीका लागि कृत्रिम अभ्यास

**टुडे एक्सप्रेस** / सप्तरी



सप्तरीको राजविराजमा बाढी कृत्रिम घटना अभ्यास गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समिति सप्तरीको निर्देशनमा नेपाली सेनाको श्री बरख दल गणको आयोजनामा बिहीबार राजविराज-६ स्थित पूर्णी पोखरीमा बाढीको कृत्रिम अभ्यास सम्पन्न भएको हो। बाढीका बेला हुनसक्ने खतरा र त्यसको प्रभावकारी खोज तथा उद्धारका लागि कृत्रिम अभ्यास गरिएको नेपाली सेनाको श्री बरख दल गणले जानकारी दिएको छ। अभ्यासका क्रममा दुई दिनदेखि परेको अविरल वर्षाका कारण हनुमाननगर कङ्कालिनी नगरपालिका-१४ स्थित रामपुरामा सप्तकोसी नदीको भङ्गालो पसेर आएको बाढीको दृश्य देखाइएको थियो। बाढीले डुबानमा परेका व्यक्तिलाई जोगाउन र उद्धार गरी जनधनको क्षति रोक्न सुरक्षा निकाय परिचालित भएको थियो। सुरक्षा फौजको गोताखोर टोलीले डुङ्गामार्फत बाढीमा डुबानमा परेका व्यक्तिलाई झण्डै आधा घण्टासम्मको प्रयासपछि बाहिर निकालेर प्राथमिक उपचारपश्चात् एम्बुलेन्सबाट अस्पताल पठाएको थियो।घाइतेलाई नदीबाट उद्धार गरी बाहिर निकालिसकेपछि के कसरी व्यवस्थापन गरिन्छ भनेर पनि अभ्यासका क्रममा देखाइएको थियो। गोताखोरको टोलीमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जवान सम्मिलित थिए। घटना अभ्यासमा उद्धार गरी ल्याइएका घाइतेलाई प्राथमिक उपचार टोलीले प्राथमिक उपचार सेवा प्रदान गरी नेपाल रेडक्रस सोसाइटीको एम्बुलेन्सद्वारा नजिकको अस्पतालमा पठाउने कार्य भएको थियो। सो बाढीको कृत्रिम घटना अभ्यासमा सरोकारवाला निकायको सहभागिता रह्यो।उद्धार सामग्री र जनशक्तिको अद्यावधिक तथा पुनर्ताजगीका लागि खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ हरेक वर्ष झैं यस वर्ष पनि बाढी कृत्रिम घटना अभ्यास गरिएको विपद् व्यवस्थापन समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताए। प्रजिअ गौतमले यस्ता अभ्यासले विपद् प्रतिकार्य गर्न प्रभावकारिता हुने विश्वास व्यक्त गर्दै मनसुन सक्रिय हुन लागेको र बाढी आएमा त्यसको प्रतिकार्य गर्न जिल्ला तयारी अवस्थामा रहेको बताए। कार्यक्रममा श्री नम्बर २७ वाहिनीका वाहिनीपति सहायक रथी भरतचन्द्र गुरुङले यदि गाउँमा बाढी पसेमा सुरक्षा फौजको टोलीले सजिलै उद्धार गर्नसक्ने तयारी अवस्थामा रहेको विश्वास व्यक्त गरे। विपद् कुनै पनि समयमा आउनसक्ने भएकाले सुरक्षाकर्मी तथा उद्धारमा संलग्न सुरक्षा निकायलाई तयारी अवस्थामा राख्न पूर्वअभ्यास गराइएको गुरुङले बताए। उनले वर्षाको मौसम नजिकिएकाले नदी आसपासका बस्तीका बासिन्दालाई सर्तक रहन आग्रह गरे।विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि बनाइएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मनसुन पूर्वतयारी कार्ययोजनाअनुसार सोको प्रभावकारिताका लागि कृत्रिम अभ्यास गरिएको बरख दल गणका गणपति दुर्गाबहादुर थापाले जानकारी दिए। बाढीको कृत्रिम घटना अभ्यास कार्यक्रममा राजविराज नगरपालिका उपप्रमुख इसरत परविन, सप्तरी प्रहरी प्रमुख प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी उपरीक्षक प्रदीप खड्का, नेपाल रेडक्रस सोसाइटीका सभापति योगेन्द्र भगत, कोसीपीडित समाजका कार्यकारी निर्देशक देवनारायण यादव, इन्सेक प्रतिनिधि मनोहर पोखरेल, राजविराज-६ का वडाध्यक्ष शशि चौधरीलगायतको उपस्थिति थियो।

# समग्र विकासको लागि मिडियाको भुमिका आवश्यक : नगरप्रमुख महतो



**टुडे एक्सप्रेस** / जनकपुरधाम

महोत्तरीको गौशाला नगरपालिकाको समग्र विकासका लागि मिडियाको भुमिका आवश्यक रहेको नगरप्रमुख डा. दिपेन्द्र महतोले बताएका छन्। शनिबार रुपान्तरण मिडिया प्रा.लि. गौशालाले आयोजना गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख महतोले सो धारणा राखेका हुन्।विकासको क्रममा यहाँको संचारको विकास समयअनुसार भईरहेकोले गौशालाको विकासको लागि मिडियाको भुमिका अहम रहने महतोले बताएका छन्। नगरप्रमुख महतोले भने, 'समग्र विकासको साथै यहाँको मिडियाको पनि विकास हुनेछ। मैले मिडियासँग सल्लाह र सहयोग अनुसार नै नगरविकासको निम्ति कदम उठाउनेछु।' एक अर्को प्रसंगमा नगरप्रमुख महतोले नगरपालिका कार्यपालिकाको निर्णयअनुसार नै अगामी रणनिती तय हुनेछ।

नगरविकासको निम्ति आफुले कदापी एकल निर्णय नलिने उदघोष गरेका हुन्।कार्यक्रमकाबीच नगरउपप्रमुख रेणु महतोले समग्र विकास गरेर गौशालालाई विकासको पथमा अगाडि बढाईने बताईन्। उपप्रमुख महतोले अब नगरवासीको मतको कदर हुने किसिमको कामकाज रहनेमा विश्वास दिलाएकी हुन।वडा नं. ६ का वडाअध्यक्ष रामस्वार्थ यादवले भेदभावरहित तवरले आफुहरू कामकाज गर्नका लागि तयार रहेको धारणा राखेका हुन। कार्यक्रमकाबीच रेडियो गौशालाका संचालक दिनेश महतोले गौशालाको पत्रकारिता विकासको सन्दर्भमा चर्चा परिचर्चा गरेका थिए।

यहाँको पत्रकारिता विकासको निम्ति नगरपालिकाको सहयोगको आवश्यकता उपर जोड दिएका हुन्। नवनिर्वाचित जनप्रतिनिधीलाई रुपान्तरण मिडिया प्रा लि गौशालाले स्वागतसँगै सम्मान र बधाई दिएका थिए।संस्थाका अध्यक्ष नागेन्द्र साहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा रेडियोका कर्मचारी, पत्रकार, राजनितीकदलका कार्यकर्ताको सहभागी रहेको थियो। कार्यक्रमको उदघोषण मोहम्मद अझरुद्धिनले गरेका थिए।

# चितवनका १८ कैदीले पाए आममाफी




**टुडे एक्सप्रेस / चितवन**

पन्ध्रौं गणतन्त्र दिवसको अवसरमा कारागार कार्यालय भरतपुरमा रहेका १८ कैदीले आम माफी पाएका छन्। १५ पुरुष र तीन महिलाले आममाफी पाएका हुन्।

कार्यालयका प्रमुख कमलप्रसाद आचार्यका अनुसार आममाफी पाउनेमा सवारी ज्यान मुद्दाका चार, कर्तव्य ज्यान मुद्दाका पाँच, चोरी मुद्दाका पाँच र बहुविवाहका चार रहेका छन्। उनीहरूमध्ये १५ जना ५० प्रतिशत कैद भुक्तान गरेका र तीन जना ४० प्रतिशत कैद भुक्तान गरेका रहेका छन्।

आचार्यका अनुसार असल चालचलन भएकालाई आममाफीका लागि सिफारिस गर्ने गरिन्छ। विभिन्न अवसर पारेर गरिने सिफारिसमा राष्ट्रपतिमार्फत आममाफी दिने प्रचलन रहेको छ। यस कारागारमा दुई आश्रित बालिकासहित ७४१ कैदी बन्दी छन्। २५५ को क्षमता रहेको पुरुष बन्दी गृहमा हाल ६८७ र २५ को क्षमता रहेको महिला बन्दी गृहमा ५२ रहेका छन्।

बागमती प्रदेश प्रमुख शर्माको शुभकामना सन्देश

बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले संविधानको मर्म र भावनालाई आत्मसात् गरी समृद्ध राष्ट्रको निर्माण गर्नु सबैको दायित्व भएको बताउनुभएको छ।आज १५औं गणतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले सङ्घीयता धर्म निरपेक्षता, समानुपातिक एवं समावेशीतासहितको समृद्ध राष्ट्र निर्माण गर्नु सबैको दायित्व भएको बताउनुभयो।शुभकामना सन्देशमा प्रमुख शर्माले गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने ज्ञातअज्ञात अमर सहिदप्रति श्रद्धासुमन अपर्ण गर्दै बेपत्ता, घाइते तथा अपाङ्गता भएका योद्धामा उच्च सम्मानसमेत प्रकट गर्नुभयो।

सन्देशमा उहाँले नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि गणतन्त्र स्थापनाले जीवनका आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणसहितको सभ्य, सुसंस्कृत र समुन्नत समाज निर्माणमा मार्ग प्रशस्त गर्न सकोस् भन्ने कामना पनि गर्नुभयो।रासस

# नागरिकको जीवनस्तर परिवर्तन हुनुपर्नेमा जोड




**टुडे एक्सप्रेस / गण्डकी**

गणतन्त्र दिवसको अवसरमा गण्डकी प्रदेश सरकारद्वारा आयोजित विशेष समारोहमा व्यवस्था परिवर्तनसँगै नागरिकको जीवनस्तर परिवर्तन हुनुपर्नेमा जोड दिइएको छ। नेपाली जनताको लामो संघर्षको उपलब्धिस्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास हुन आवश्यक रहेको बताउँदै कार्यक्रमका वक्ताले व्यवस्थासँगै नागरिको आर्थिक एवम् सामाजिक विकास भएमा मात्र त्यसको सार्थकता सिद्ध हुने बताउनुभयो।कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले संघीय लोकतान्त्रिक गणतन्त्र केबल शासनप्रणालीका रुपमा मात्र नभई नागरिकको जीवनपद्धति र शैलीकारुपमा स्थापित गर्न सक्दा मात्रै आम नागरिकले लोकतन्त्रको सुखद अनुभूति गर्न पाउने बताउनुभयो। गणतन्त्र नेपाल घोषणा भएपछि सुशासन, द्रुततर आर्थिक, सामाजिक विकासलगायत सबै क्षेत्रमा सुन्दर, समृद्ध हुन्छ भन्ने आम नेपालीको अपेक्षा आंशिकरुपमा सम्बोधन भए पनि त्यो पूर्ण हुन नसकेको उहाँले बताउनुभयो।जबसम्म राजनीतिक परिवर्तनले जनताको दैनिक जीवन र राष्ट्रको समृद्धिमा प्रत्यक्ष प्रभाव पार्दैन, तबसम्म राजनीतिक परिवर्तन स्वयं दिगो र संस्थागत हुन पनि सक्दैन, उहाँले भन्नुभयो। संघर्षका समयमा जनतासामु गरेका प्रतिवद्धता तथा वीर अमर शहीदका सपना साकार पार्नु सबैको सामूहिक दायित्व र कर्तव्य बनेको बताउँदै उहाँले हिजो संघर्षका दिनमा जस्तै हामी सबैबीच एकता, सहकार्य र सहमति हुनु आवश्यक भएकोमा जोड दिनुभयो।गणतन्त्र दिवसले हामी सबैलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन र समृद्ध राष्ट्र निर्माणमा एकजुट हुने प्रेरणा प्रदान गर्न सकोस् भन्ने उहाँले कामना गर्नुभयो। हालै मुलुकमा आम जनताको उत्साहपूर्ण सहभागितामा स्थानीय तह निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु सबैका निमित्त खुशीको विषय भएको उल्लेख गर्दै उहाँले हालै सम्पन्न स्थानीय तहको निर्वाचनसँगै अब हुन गईरहेको प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रको जगलाई संस्थागत र थप सुदृढ तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गनर्तुभयो।कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक परिवर्तन गर्न नसके त्यसको कुनै अर्थ नहुने बताउनुभयो।

व्यवस्थामा परिवर्तन आए पनि जनताको आकांक्षा अनुसार बढ्न नसकिएको वास्तविकतामा जनताका आवश्यकता तथा चाहनालाई सम्बोधन गर्ने गरी एकतावद्ध रुपमा लाग्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। व्यवस्था परिवर्तनमा दलहरूबीचमा देखिएको सहमति, सहकार्य र एकताको भावनालाई आत्मसात गर्दै आगामी दिनमा पनि त्यही भावनाका साथ अघि बढ्नु जरुरी रहेको उहाँले बताउनुभयो। गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले विसं २००७ सालदेखिको नेपाली जनताको चाहना र संघर्षको प्रतिफलस्वरुप गणतन्त्र दिवस मनाउने अवस्थामा पुगिएको बताउँदै यसको संस्थागत विकास आवश्यक भएको बताउनुभयो। जनताको आर्थिक, सामाजिक परिवर्तन हुन सकेमा मात्रै दिवसको सार्थकता रहने बताउँदै उहाँले सरकार तथा राजनीति दलहरू त्यसतर्फ लक्षित हुनुपर्ने बताउनुभयो।आन्तरिक मामिला मन्त्री डोबाटे विश्वकर्माले गणतन्त्र दिवस नेपाली जनताको महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले लामो समयको संघर्षको प्रतिफलस्वरुप गणतन्त्र प्राप्त भएको बताउँदै जनतालाई यसको अनुभूति गराउन अझै धेरै काम बाँकी रहेको बताउनुभयो। जनताका अपेक्षालाई सम्बोधन गर्ने गरी एकतावद्ध प्रयास आवश्यक भएकोमा उहाँले जोड दिनुभयो। कार्यक्रममा प्रदेशमा उत्कृष्ट काम गर्ने कार्यालयसँगै विभिन्न कर्मचारीलाई पुरस्कृत गरिएको थियो। समारोहअघि पोखराको सहिद चोकस्थित पार्कमा माल्यार्पण गरि विभिन्न झाँकीसहितको र्‍याली आयोजना गरिएको थियो।रासस

# अझै केही दिन वर्षाको सम्भावना



**टुडे एक्सप्रेस / काठमाण्डौ**

अझै केही दिन देशको अधिकांश भू-भागमा आंशिकदेखि सामान्य बदली रही हल्कादेखि मध्यम वर्षा हुने भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार हाल नेपालमा तीन वटा मौसमी प्रणालीको प्रभाव रहेको छ। स्थानीय वायु, भारतको उत्तर प्रदेश, विहार आसपास रहेको न्यूनचापीय रेखा र पश्चिमी वायुको प्रभावले पहाडी भू-भागका केही स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ। रातिको समयमा देशको प्रदेश नं एक, मधेश प्रदेश, वाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा भई प्रदेश नं एक, मधेश प्रदेश, वाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। सोमबार प्रदेश नं एक, मधेश प्रदेश, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी भू-भागका थोरै स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आइतवार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १८ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ। त्यस्तै आइतवार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम ९ दशमलव दुई डिग्री र सबैभन्दा धेरै डडेलधुराको अधिकतम तापक्रम ३७ दशमलव चार डिग्री सेल्सियस रहेको छ।रासस

# जनउत्तरदायी गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री देउवा

**टुडे एक्सप्रेस / ललितपुर**

प्रधानमन्त्री शेरबहादुर देउवाले यसैवर्ष प्रतिनिधिसभा र राष्ट्रियसभाको चुनावसमेत सफलताका साथ सम्पन्न गरी मुलुकमा जनउत्तरदायी गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।पन्ध्रौं गणतन्त्र दिवसका अवसरमा आइतवार सैनिक मञ्च टुँडिखेलमा दिवसको मूल समारोह समितिले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै स्थानीय तहको निर्वाचन निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न भएको र आम जनताबाट चुनिएका जनप्रतिनिधिहरूबाट मुलुकको शासन प्रणाली सञ्चालित भइरहेको छ भन्नुभयो।

उहाँले भन्नुभयो जन चाहनानुसार नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने स्थानीय तहको दोस्रो निर्वाचनबाट मुलुकमा प्रतिस्पर्धात्मक, बहुदलीय, लोकतान्त्रिक एवं गणतन्त्रात्मक शासन व्यवस्था मजबुत भएको छ।प्रधानमन्त्री देउवाले मुलुकले २००७ सालको राजनीतिक क्रान्ति र विभिन्न आन्दोलनको बलमा राजनीतिकरुपमा ठूलो फड्को मारेको, सङ्घीय शासन प्रणालीसहितको गणतन्त्रात्मक व्यवस्था अङ्गिकार गरेको र नेपालीहरू स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न एवं गणतान्त्रिक देशका नागरिक भएको उल्लेख गर्दै नेपाललाई एक समुन्नत र समृद्ध मुलुकका रुपमा अघि बढाउनुपर्ने दायित्वलाई सबै मिलेर पूरा गर्नुपर्ने खाँचो औंल्याउनुभयो। समृद्ध मुलुक निर्माणका लागि सबै राजनीतिक दल र नेपाली जनताबीच एकता र सहकार्य हुनु जररुरी छ। लोकतन्त्रमा राजनीतिक दलका फरक धारणा र विचारहरू हुनु स्वभाविक हो तापनि महत्वपूर्ण राष्ट्रिय मुद्दाहरूमा सबै राजनीतिक दल र आम नेपाली जनताको समान र अविचलित धारणा हुनसके मात्र मुलुकको विकासको पथमा अघि बढाउन र राष्ट्रिय एकताको जगलाई थप मजबुत बनाउन सकिन्छ। प्रधानमन्त्री देउवाले भन्नुभयो, हामीले जुन अपेक्षा र उद्देश्यका साथ लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गरेका थियौं, व्यवहारमा त्यो लागू भएको छ।

नागरिक हक अधिकारको पूर्ण सुनिश्चितता गर्दै मुलुकलाई आर्थिक सामाजिकरुपमा सबल र सम्मुनत राष्ट्र बनाई जनताको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने हाम्रो प्रयासले अपेक्षित परिणाम दिन थालिसकेको छ।

मुलुकको आर्थिक सामाजिक रुपान्तरणको अभियानमा हामी सबैको योगदान उत्तिकै आवश्यक छ।प्रधानमन्त्री देउवाले जनताका प्रतिनिधिले लेखेको संविधान जारी भई संविधानअनुसार शासन प्रणालीमा समावेशीता र समानुपातिक प्रतिनिधित्वका आधारमा सबै जनताको अर्थपूर्ण सहभागिता, स्वामित्व र अपनत्व स्थापित भएकाले नागरिकहरू बिनाकुनै बन्देज राजनीतिक, आर्थिक र सामाजिक क्रियाकलापमा स्वतन्त्ररुपमा सहभागी हुने अवसर पाएको बताउनुभयो। उहाँले बिनाभेदभाव सबै नागरिकलाई समान हक, अवसर र हैसियत प्रदान गर्ने यस बहुदलीय प्रतिस्पर्धामा आधारित शासन व्यवस्था संसारकै उत्तम शासन व्यवस्थामध्ये भएकाले यस शासन प्रणालीको स्थापनापछि मुलुकमा राजनीतिक स्थिरता कायम भई देश आर्थिक समृद्धिको यात्रा अघि बढेको बताउनुभयो। समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीसहित विशिष्ट पदाधिकारी र अधिकारीको उपस्थिति रहेको थियो।रासस




# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (0४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ“खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (0१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ“खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (0४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

### यथासिद्घ नागरिकता प्रदान गर

संघिय संसदमा पुनः नागरिकताको मुद्दालाई उठान गरिएको छ । भरखरै सम्पन्न निर्वाचनमा समेत यस मुद्दालाई उछाल्न नसकेका मधेशवादी दलहरूले संसदमा नागरिकता समस्यालाई उठान गर्नका लागि आवाज उठाएको छ । जनता समाजवादी पार्टी (जसपा) का सांसद उपेन्द्र यादवले नेपाल सरकारका कारण नेपालीहरूले नागरिकता पाउन नसकेको आरोप लगाउन सफल भए । शनिवार प्रतिनिधि सभामा सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममाथि छलफल गर्दै उनले नेपाली नागरिकलाई नागरिकता दिनुपर्ने सरकारको दायित्व पूरा हुन नसक्दा नेपाली नागरिकहरूले समस्या भोग्नुपरेको भनेर अभिव्यक्ति दिए ।सांसद यादवले सरकारले नागरिकहरूलाई नागरिकता दिन नसक्दा नेपाली नागरिकका सन्तानहरू, राष्ट्रिय अधिकारीविहीन भएर बाच्न विवश रहेको बताए । उनले सरकारले नागरिकता विधेयक तत्काल पास गरेर नेपाली नागरिकलाई नागरिकताको समस्याबाट मुक्ति दिनुपर्ने बताए । सांसद यादवले संघीय निजामति ऐनलाई पारित गरेर संघीयतालाई कार्यान्वयनतर्फ अघि बढाउनुपर्नेमा समेत जोड दिए ।सांसद यादवले भने- अझैपनि लाखौं नेपाली नागरिकहरू नागरिकता पाएनन् । जसका आमा बुवा दुवै नेपाली नागरिक छन् । दुवैले जन्मसिद्ध नागरिकता प्राप्त गरेका छन् । तिनका सन्तान अझै पनि गैरनागरिक भएर बसेका छन्, गैर नागरिक बनाइएको छ । तिनलाई नागरिकता दिने दायित्व राज्यको हो । राज्यले आफनो दायित्व पूरा नगर्दा ती नेपाली नागरिकहरू, नागरिकका सन्तानहरू, राष्ट्रिय र अधिकारीविहीन भएको अवस्थामा बाँच्न विवश छन् । गल्ती राज्यले गर्ने, राज्यले नदिने, त्यसको सजाय नागरिकले भोग्नुपर्ने ? यसलाई अन्त्य गर्न तत्कालै नागरिकता ऐन, जुन झन्डै ४ वर्षदेखि अलमलमा छ । यसलाई पारित गरेर नागरिकता यथाशीघ्र प्रदान गर्ने व्यवस्था गर्नुपर्छ । नागरिकता समस्यालाई मुद्दा वनाएर मात्र हुँदैन गैर नागरिकले हत्याउला भन्ने डरले नागरिकता विहिनलाई नागरिकता दिनबाट वंचित गर्नु सरासर अन्याय भएकोले यथासिघ्र नागरिक दिनुपर्ने प्रावधान ल्याउनुपर्ने आवश्यकता रहको हाम्रो ठम्याई छ ।

# स्थानीय तहमा निर्वाचित नेतृत्वले अपनाउनुपर्ने विकास मोडल

केशव प्रसाद भटराई

स्थानीय तहको दोस्रो निर्वाचनले राजनीतिक वृत्तमा नयाँ आयाम थपेको छ। नेपालको लोकतान्त्रिक प्रक्रियालाई अझ परिपक्व तथा संस्थागत बनाउन यो निर्वाचन प्रक्रिया कोसेढुंगा साबित हुन सक्छ। नेपालको संघीय मोडल अनुसार संघ र स्थानीय तह संवैधानिक रूपमा मजबुत मानिन्छन्। अझ प्रत्यक्ष निर्वाचन प्रणालीले स्थानीय तहलाई विशेष अवस्था बाहेक नेतृत्व परिवर्तन गर्न नसकिने स्थायी सरकारका रूपमा परिभाषित गरेको छ। यसर्थ स्थानीय तहको निर्वाचन नेपालको राजनीतिक स्थायित्वसँग मात्र जोडिएको छैन, यो समग्र अर्थतन्त्रको दिगो विकाससँग पनि जोडिएको छ। तर यसका लागि निर्वाचन प्रक्रियाबाट चुनिएर आएका राजनीतिक प्रतिनिधिहरूको काम गर्न सक्ने क्षमता, दक्षता तथा इच्छाशक्ति दृढ हुनु आवश्यक छ। यस सन्दर्भमा प्रस्तुत आलेखमा स्थानीय तहलाई देशकै दिगो अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गर्न नवनिर्वाचित राजनीतिक नेतृत्वले कसरी काम गर्न सक्छन् भन्ने सन्दर्भमा केही अनुभवजन्य विषयवस्तुहरू प्रस्तुत गरिएको छ।

अस्तव्यस्तताबाट व्यवस्थित तथा संस्थागत संरचनामा रूपान्तरण

विगत पाँच वर्षमा स्थानीय तहका नेतृत्वले गरेको साझा अनुभव अस्तव्यस्त प्रशासनिक संरचना हो। नगर तथा गाउँपालिका प्रमुखको कार्यकक्षमा आउने विभिन्न व्यक्ति, संघ-संस्थाका प्रतिनिधिहरूसँगको छलफल तथा गफगाफ, उद्घाटन, पालिका क्षेत्रमा हुने विभिन्न कार्यक्रम, तालिम, गोष्ठी लगायत विविध कार्यक्रममा सहभागी हुनैपर्ने संस्कारले अधिकांश पालिका प्रमुखले ३६५ दिनमा एक दिन पनि आरामले शान्तपूर्वक सिर्जनशील कुरा सोच्न तथा त्यस्ता विषयवस्तुमा छलफल गर्न पाउँदैनन्। यसको परिणामस्वरूप स्थानीय तहहरू संघ र प्रदेश सरकारले विभिन्न शीर्षकमा पठाएका अनुदानका कार्यक्रमहरू कार्यान्वयन गर्ने निकाय मात्र हुन पुगेका छन्। राजनीतिक नेतृत्वको अस्तव्यस्त जीवनशैलीका कारण स्थानीय सरकारहरूले चाहेबमोजिम काम गर्न सकेनन्।

अबका राजनीतिक नेतृत्वले सामान्य कुरामा ध्यान दिन सके उनीहरूको अस्तव्यस्त प्रशासनिक शैलीमा परिवर्तन हुन सक्छ। नगर तथा गाउँपालिका प्रमुखको कार्य कक्षमा राखिने सोफा हटाई केही संख्यामा कुर्सीको व्यवस्था गर्ने हो भने एक त प्रशासनिक खर्च जोगिन्छ भने अर्कोतर्फ कार्यकक्षमा आई घण्टौंसम्म विना प्रसङ्गका कुरा गरेर नगर तथा गाउँपालिका प्रमुखको समय खर्च गर्ने प्रवृत्तिमा कमी हुन जान्छ।सुन्दा सामान्य लागे पनि नेतृत्वका वरिपरि झुम्मिरहने हाम्रो सामाजिक शैलीलाई परिवर्तन गर्न सक्नुपर्छ। विभिन्न संघसंस्थाले गर्ने कार्यक्रममा प्रमुखले उपस्थिति हुनैपर्ने चलनमा परिवर्तन ल्याउन सक्नुपर्छ। जनतासँगको भेटघाट तथा अन्य प्रशासनिक कार्यका लागि हुने व्यस्ततालाई समय व्यवस्थापनको योजना बनाउन सके राजनीतिक नेतृत्वको अस्तव्यस्त जीवनशैलीमा परिवर्तन आउन सक्छ जसले स्थानीय सरकारको कामलाई प्रभावकारी बनाउन सक्छ। त्यसैले अबका सरकार प्रमुखले स्मार्ट संस्थागत संरचनातर्फ प्रशासनिक व्यवस्थालाई रूपान्तरण गर्न आवश्यक छ।

**जनशक्ति व्यवस्थापन**

देश संघीय प्रणालीमा रूपान्तरण भएको पाँच वर्ष बिते पनि संघीय सरकारको व्यवहार केन्द्रीकृत नै छ। यसको गतिलो प्रमाण हो स्थानीय तहमा भएको कर्मचारी समायोजन। संविधानले सहकार्य, समन्वय तथा सहअस्तित्वका आधारमा तीन तहका सरकार समान हैसियतमा संचालन हुने परिकल्पना गरेर स्थानीय तहलाई सेवा प्रवाहको केन्द्रका रूपमा परिभाषित मात्र गरेन त्यसै अनुरूपका अधिकारहरू पनि प्रदान गऱ्यो। तर ती अधिकारको उच्चतम प्रयोगका लागि आवश्यक पर्ने दक्ष कर्मचारी अझै पनि संघीय सरकार मातहत मात्र छन्।स्थानीय तहहरू विभिन्न सरकारी निकायबाट समायोजन भई आएका कम क्षमता भएका कर्मचारीको भरमा चलेका छन्। राजनीतिक नेतृत्वले परिकल्पना गरेको परिवर्तनको सपनालाई व्यवहारमा कार्यान्वयन गर्न आवश्यक दक्ष जनशक्तिको अभाव छ स्थानीय तहमा। यो अबका स्थानीय नेतृत्वको मुख्य चुनौती हो। विगतमा धेरै स्थानीय तह करको विषयलाई लिएर आलोचित हुनुको मुख्य कारण पनि विना अध्ययन तथा विना विज्ञता कर बढाई आन्तरिक आय बढाउन खोज्नु हो।यो चुनौतीको सामना गर्न राजनीतिक नेतृत्वले जनशक्ति व्यवस्थापनको योजना बनाउन अपरिहार्य छ जुन विगतका स्थानीय सरकारले विरलै अभ्यास गरे। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (७) ले स्थानीय सरकारले आफ्नो आवश्यकतालाई ध्यानमा राखेर विज्ञ जनशक्ति व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ। अबका स्थानीय तहले यो प्रावधानको उपयोग गर्नु आवश्यक छ। विश्वमा उच्चस्तरको समृद्धि हासिल गर्ने देशले विकासका लागि चालेको मुख्य कदम भनेकै दक्ष जनशक्तिको व्यवस्थापन हो। तसर्थ स्थानीय तहहरूले पनि यो अभ्यासलाई प्रयोग गर्नु अपरिहार्य छ। यसले एकातर्फ राजनीतिक नेतृत्वको कार्य व्यस्ततालाई कम गर्छ भने स्थानीय सरकारले प्राप्त गर्ने अनुदानको उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग पुऱ्याउँछ। दक्ष जनशक्ति व्यवस्थापनका लागि स्थानीय सरकारहरूले केही रणनीतिहरू अवलम्बन गर्न सक्छन्। पहिलो त स्थानीय पालिका अन्तर्गतका तर अन्यत्र बसोबास गर्ने विभिन्न विषयमा विज्ञता भएका व्यक्तिहरूको सञ्जाल निर्माण गरी उनीहरूबाट पनि आवश्यक विज्ञता लिन सक्छ। दोस्रो स्थानीय सरकारहरू मिलेर संयुक्त रूपमा साझा चासोका क्षेत्रको विकासका लागि विज्ञ नियुक्त गर्न सकिने प्रावधान पनि स्थानीय तहले अभ्यास गर्न सक्छन्। यसो गर्दा उनीहरूले कम खर्चमा उच्च तहको विज्ञता प्राप्त गर्न सक्ने सम्भावना रहन्छ।वास्तवमा चुस्त प्रशासनिक संरचनाको निर्माण र दक्ष मानव संसाधन अबका स्थानीय सरकारहरूको समृद्धिको सपना साकार पार्ने अचुक उपाय हुन्। यी दुई रणनीतिक पक्षका आधारमा स्थानीय सरकारहरूले देशकै आर्थिक विकासको मेरुदण्ड बन्न के के काम गर्न सक्छन्/गर्नुपर्छ त्यसको समीक्षा गरौं।

समृद्धिका लागि समन्वय

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकारहरू सहकार्य, समन्वय तथा सहअस्तित्वको सैद्धान्तिक अवधारणा अनुसार परिचालित हुनुपर्ने कुराको परिकल्पना गरेको छ। यद्यपि, विगतमा यसको अभ्यास नगन्य रूपमा मात्र भयो। तीन तहका सरकारहरू एकअर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गर्न तथा संघ र प्रदेश स्थानीय तहमा हावी हुन मात्र प्रयत्न गरेको देखियो। यसले संविधानको मर्म अनुसार संघीयताको कार्यान्वयन हुन सकेन। स्थानीय तहहरूले अपेक्षा अनुसार सामाजिक तथा आर्थिक विकासमा आफ्नो योगदान देखाउन सकेनन्।स्थानीय तहको दोस्रो कार्यकाल सुरु हुनै लाग्दा निर्वाचित नेतृत्वले सहकार्य तथा समन्वयलाई कसरी आफ्नो पालिकाको समृद्धिको आधार बनाउन सकिन्छ भन्ने कुरामा ध्यान दिन आवश्यक छ। विगतमा अधिकांश स्थानीय तहले पर्यटन विकासका नाममा मन्दिरको संरक्षण तथा निर्माणमा ठूलो रकम खर्च गरे जुन पूर्णतया अनुत्पादक थियो। अब पनि त्यस्तै खालका आयोजनाको पुनरावृत्ति भयो भने जनतामा नैराश्यता बढ्न थाल्नेछ। यस सन्दर्भमा स्थानीय सरकारहरूले निम्न क्षेत्रको विकासका लागि सहकार्यको बाटो रोज्न सक्छन्।

**समृद्धिका लागि सहकार्य**

विगतका नेतृत्वले एक्लै हिंड्न खोज्दा स्थानीय सरकारले गरेको लगानीले अपेक्षाकृत रूपमा पूँजी निर्माण गर्न सकेको देखिएन। विना सुझबुझ लहडमा गरिएको खर्चले स्थानीय तहमा पूँजी निर्माणको दर ४ प्रतिशत भन्दा माथि जान सकेन। अबका नेतृत्वको मुख्य चुनौती भनेको प्रत्येक स्थानीय तहलाई आर्थिक केन्द्रको रूपमा विकास गर्नु हो। त्यसका लागि उनीहरूले वार्षिक रूपमा प्राप्त गर्ने अनुदान पर्याप्त नहुन सक्छ। यस सन्दर्भमा उनीहरूले अन्तरपालिका सहकार्यलाई साध्यका रूपमा प्रयोग गर्न सक्ने सम्भावना रहन्छ। स्थानीय तहहरूले सहकार्यको माध्यमबाट आर्थिक विकासमा कसरी टेवा पुऱ्याउन सक्छन् ?

पर्यटन विकासका लागि सहकार्य

विगतमा अधिकांश स्थानीय तहले पर्यटन विकासका नाममा मन्दिर निर्माण, जीर्णोद्धार तथा भ्यूटावरमा प्राथमिकताका साथ लगानी गरे। तर त्यस्ता आयोजनाको पूँजी निर्माणको दर नगन्य रह्यो भने स्थानीय सरकारहरू यही कारणले आलोचित पनि बन्न पुगे।आर्थिक विकासलाई फराकिलो बनाउन स्थानीय तहले तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ बढी हुने, जनताको आर्थिक क्रियाकलाप वृद्धि हुने, स्थानीय तहको आकर्षण बढ्ने तथा जनतालाई गतिशील बनाउने खालका योजनाको छनोट गर्न सक्नुपर्छ। नेपालको सन्दर्भमा उच्च दरको पूँजी निर्माणमा सघाउ पुऱ्याउन सक्ने क्षेत्र पर्यटन नै हो। तर पर्यटनलाई विकासको साध्य कसरी बनाउने भन्ने कुरामा धेरै अलमल भएको पाइन्छ। पर्यटन भन्ने बित्तिकै मन्दिर, पार्क र भ्यूटावर मात्र बुझ्ने प्रवृत्तिले यस्तो भएको हुनसक्छ। वास्तवमा पर्यटन क्षेत्रको विकास त्यतिबेला हुन थाल्छ जब धेरै खर्च गर्न सक्ने, लामो समयसम्म गन्तव्य स्थलमा रमाउने तथा धेरै पटक भ्रमण गर्न रुचाउने पर्यटकलाई आकर्षण गर्न सकिन्छ। अब प्रश्न उठ्छ- स्थानीय सरकारले त्यसप्रकारको पर्यटकीय आकर्षण कसरी अभिवृद्धि गर्ने ? यसको एउटै उत्तर छ- सहकार्य र समन्वय। अन्तरपालिका सहकार्यका माध्यमबाट स्थानीय तहहरूले पर्यटन विकासलाई कसरी आर्थिक समृद्धिको साध्य बनाउन सक्छन् भन्ने कुरा तलका बुँदामा प्रष्ट पार्न खोजिएको छ।

धार्मिक पर्यटनका लागि सहकार्य

प्रत्येक पालिकाले आफ्नो क्षेत्रभित्र पर्ने मन्दिरको संरक्षण र प्रवर्द्धनमा खर्च गर्नुको साटो पालिकाहरूबीच सहकार्य गरी धार्मिक पर्यटकीय क्षेत्र निर्माणलाई अभियानका रूपमा अघि बढाउन सक्छन्। यसका केही उदाहरण तल प्रस्तुत गरिएको छ।(क) कुरा सुरु गरौं प्रदेश-१ अन्तर्गतका पाथिभरा तथा हलेसी महादेव धार्मिक केन्द्रबाट। यी दुई मन्दिर प्रदेश-१ का मात्र नभएर सम्पूर्ण नेपाल र भारतीय धर्मावलम्बीहरूले पनि भ्रमण गर्ने धार्मिक क्षेत्र हुन् जहाँ वार्षिक करिब २ लाखसम्म धार्मिक पर्यटकले तीर्थाटन गर्छन्। भौतिक पूर्वाधारको कमजोर अवस्था भएकाले ती क्षेत्रहरूमा धेरै खर्च गर्न सक्ने र लामो समयसम्म बस्न रुचाउने पर्यटक खासै आउँदैनन्। पाथिभरा धार्मिक क्षेत्रको बृहत्तर विकासका लागि ठूलो लगानीको आवश्यकता पर्छ जुन ताप्लेजुङकै फुङलिङ नगरपालिका लगायत अन्य आसपासका गाउँपालिकाका लागि चुनौतीपूर्ण हुनसक्छ। तर ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम जिल्ला अन्तर्गतका स्थानीय तहहरूले संयुक्त लगानी गरी ताप्लेजुङको पाथिभरा क्षेत्रलाई धार्मिक केन्द्रका रूपमा विकास गर्न सकेको खण्डमा यसले त्यस क्षेत्रको विकास, रोजगारी सिर्जना तथा आर्थिक गतिविधिमा गुणात्मक प्रभाव पार्न सक्छ। त्यस्तै खोटाङ, ओखलढुंगा, उदयपुर लगायत जिल्लाका स्थानीय तहले हलेसीमा धार्मिक पर्यटकीय क्षेत्र निर्माणका लागि सहकार्य गर्न सक्छन्।

(ख) अर्कोतर्फ मधेश प्रदेशका अधिकांश जिल्ला अन्तर्गतका स्थानीय तहले जनकपुरधामलाई बृहत् पर्यटकीय क्षेत्र निर्माणका लागि सहकार्य गर्न सक्छन् जसबाट त्यस क्षेत्रलाई हिन्दुहरूको धार्मिक केन्द्रका रूपमा विकास गर्न सकिन्छ।

(ग) गण्डकी प्रदेशका पालिकाहरूले मनकामना, मुक्तिनाथ लगायत विशेष तथा चर्चित धार्मिक केन्द्रमा लगानी केन्द्रित गर्न सक्छन्।

(घ) लुम्बिनी प्रदेशका अधिकांश स्थानीय तहले लुम्बिनी क्षेत्र र स्वर्गद्वारी क्षेत्रमा लगानी केन्द्रित गर्न सक्छन्।

(ङ) त्यस्तै कर्णाली प्रदेशको काक्रेविहार क्षेत्र लगायत क्षेत्र तथा सुदूरपश्चिमको वैद्यनाथ धाम तथा रामारोशनलाई संयुक्त लगानीका माध्यमबाट बृहत् धार्मिक केन्द्र निर्माण गर्न सकिन्छ।यो अवधारणा सातवटै प्रदेश अन्तर्गतका स्थानीय तहका लागि लागु हुनसक्छ। यसबाट एकातर्फ नेपाललाई मक्का मदिना, जेरुसेलम जस्तो बौद्ध र हिन्दुको धार्मिक केन्द्रको रूपमा विकास गर्न सकिने अवस्था बन्न सक्छ। यसबाट लाखौं धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिन्छ। यस्तो खालको संयुक्त लगानी प्रणालीले एकातर्फ स्थानीय तहमा रहेको वितरणमुखी प्रवृत्तिलाई अन्त्य मात्र गर्दैन। समग्र अर्थतन्त्र तथा रोजगारी अभिवृद्धिमा गुणात्मक प्रभाव पर्नेछ।

यसरी सहकार्य र समन्वयका माध्यमबाट खास क्षेत्रमा लगानी केन्द्रित गर्दा त्यो क्षेत्रको विकासमा गुणात्मक परिवर्तन मात्र आउँदैन, रोजगारीका अवसरहरूमा वृद्धि हुन सक्छ भने धार्मिक पर्यटकीय क्षेत्रमा लगानी गर्ने स्थानीय तहको आन्तरिक आम्दानीको स्रोत पनि फराकिलो बन्न जान्छ भने स्थानीय तहले गर्ने खर्चमा कटौती गर्न पनि सहयोग पुग्छ।

पर्या-पर्यटनको विकासमा सहकार्य

चितवन, रत्ननगर नगरपालिकास्थित सौराहा, पोखरा, मुस्ताङ, पूर्वमा इलाम तथा पश्चिमी क्षेत्रमा बर्दियाको ठाकुरबाबा नेपालका मुख्य पर्या-पर्यटकीय केन्द्रका रूपमा विकसित छन्। तर ती क्षेत्रमा आउने पर्यटकको औसत बसाइ अधिकतम २ देखि ३ दिन -सौराहा र ठाकुर बाबाको हकमा) छ। पूर्व इलाममा तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ज्यादै न्यून छ भने भारत तथा नेपालकै कम खर्च गर्ने क्षमता भएका आन्तरिक पर्यटकले त्यहाँको पर्यटनलाई धानेको छ। यसो हुनुको मुख्य कारण ती क्षेत्रमा पर्यटकीय उत्पादनको विविधीकरण तथा आवश्यक पूर्वाधारको कमी हुनु हो। यो सन्दर्भमा ती क्षेत्रमा बृहत् पर्यटकीय विकासका लागि चितवन, तनहुँ, कास्की तथा मनाङसम्मका स्थानीय तहले बृहत् रूपमा सहकार्यको मोडालिटी बनाउन सक्छन्। त्यस्तै इलाम, झापा र पाँचथरका स्थानीय तहले पर्यटन विकासको संयुक्त मोडालिटी बनाउन सक्छन्।

कृषि तथा सांस्कृतिक पर्यटनमा सहकार्य

अर्कोतर्फ तराई क्षेत्रका अधिकांश स्थानीय तहका जनताको मुख्य बजार छिमेकी भारतका बजार हुने गरेका छन्। उत्पादन लागत नेपालको भन्दा कम हुने भएकाले भारतीय बजारहरू नेपाली ग्राहकका मुख्य आकर्षण बन्ने गरेका छन्। यसले गर्दा तराई क्षेत्रमा हुने कृषि उत्पादन र उत्पादकत्व क्रमिक रूपमा घट्दै गएको छ भने रोजगारीका अवसरहरू पनि सिर्जना हुनसकेका छैनन्। विगतका स्थानीय सरकारहरूले कृषि पकेट क्षेत्र, कृषि जोन, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत कार्यक्रम लागु गरेको भए पनि त्यसले कृषकको आम्दानी बढाउन, रोजगारी सिर्जना गर्न तथा समग्रमा आर्थिक गतिविधि बढाउन अपेक्षाकृत रूपमा योगदान गरेको देखिएन। यो सन्दर्भमा तराई क्षेत्रका स्थानीय तहहरूले भारतीयहरूलाई नेपाली बजारमा आकर्षण गर्ने रणनीति खोज्नु आवश्यक छ।त्यो रणनीति भनेको कृषि पर्यटनको रणनीति हो। यसका लागि कैलालीस्थित कालु हमालले व्यक्तिगत रूपमा सञ्चालन गरेको बनाना रेस्टुरेन्ट र सर्लाहीको वागमती नगरपालिकाले निर्माण गरेको भरत ताललाई उदाहरणका रूपमा लिन सकिन्छ। तराई क्षेत्रमा बनेका यी यस्ता आयोजना हुन् जसले एकातर्फ नेपाली उत्पादकको उत्पादन लागतलाई न्यूनीकरण गर्न सहयोग गरेको छ भने अर्कोतर्फ भारतीयहरूलाई नेपालतर्फ आकर्षण गर्न, नेपाली बजारमा आएर खर्च गर्न अभिप्रेरित गरेको छ।यसका लागि स्थानीय सरकारहरूले कृषि तथा सांस्कृतिक (होम स्टे) पर्यटनको विकासमा सहकार्य गर्न सक्छन् जसले तराई क्षेत्रका सरकारहरूको आर्थिक विकासमा मात्र टेवा पुऱ्याउने छैन ती क्षेत्रको सामाजिक तथा मानवीय विकासमा पनि गुणात्मक प्रभाव पार्नेछ।

**मुनाफाजन्य आयोजनाका लागि सहकार्य**

विगत पाँच वर्षको अनुभवले के देखाउँछ भने स्थानीय तहका लागि सबैभन्दा ठूलो चुनौती भनेको आन्तरिक आयमा अभिवृद्धि गर्नु हो। संघ तथा प्रदेश सरकारले समानीकरण अनुदानको मात्रा घटाउँदै सशर्त अनुदानको मात्रा बढाउँदै गएका छन्। जसले गर्दा स्थानीय सरकार क्रमिक रूपमा पराधिन हुँदै गएका छन्। तसर्थ स्थानीय सरकार स्वाधीन बन्न आन्तरिक आय अभिवृद्धि गर्नु आवश्यक छ। त्यसका लागि आवश्यकताका आधारमा निजी क्षेत्र, सहकारी तथा स्थानीय जनतासँगको सहकार्यमा मुनाफाजन्य क्षेत्रको पहिचान गरी संयुक्त लगानी गर्ने वातावरण स्थानीय सरकारहरूले निर्माण गर्न सक्छन्। विगतका नेतृत्वहरूले यस्तो खालको सहकार्यलाई विरलै मात्र प्रयोग गरेको देखियो। जसले गर्दा स्थानीय सरकारहरूले आफूलाई आत्मनिर्भर बनाउन सकेनन्।

कम लगानीमा विकास

विकास भन्ने बित्तिकै ठूलो लगानीको चित्र मस्तिष्कमा बोक्ने संस्कारबाट अधिकांश स्थानीय सरकारका प्रमुखहरू ग्रसित छन् भन्ने कुरा अघिल्ला सरकारहरूको मनोवृत्तिबाट बुझ्न सकिन्छ। वास्तवमा सरकार लगानीकर्ता मात्र होइन, सहजकर्ता पनि हो जसले गरेका नीतिगत व्यवस्थाले सम्बन्धित पालिकाको आर्थिक समृद्धिमा दीर्घकालीन टेवा पुऱ्याउन सक्छ। तसर्थ आफ्नो पालिकाका नागरिकको आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्न, जनताको क्रयशक्ति बढाउन, निजी क्षेत्र, सहकारी, स्थानीय जनता तथा अन्य लगानीकर्तालाई सुरक्षित वातावरण तयार गर्न स्थानीय सरकारहरूले नीतिगत व्यवस्थाहरूको कडाइका साथ लागु गर्न सक्छन्। सामान्य उदाहरणबाटै हेरौं। स्थानीय सरकारले बाह्य पेय पदार्थलाई निरुत्साहित गर्ने नीति तर्जुमा गऱ्यो भने स्थानीय बजारमा मोहीको माग बढ्नेछ भने यसले कृषकको आयआर्जनमा पनि वृद्धि गर्नेछ। त्यसैले स्थानीय सरकारका प्रमुखहरूले सोच्न सक्नुपर्छ कस्तो नीति तथा कानुन ल्याइयो भने जनता बढीभन्दा बढी लाभान्वित हुनसक्छन् भनेर जसबाट स्थानीय सरकारले विना कुनै वित्तीय लगानी आर्थिक क्रियाकलापमा वृद्धि गर्न सक्नेछ।

**सामाजिक क्षेत्रमा रूपान्तरणकारी काम**

जातीय विभेदको अन्त्यका लागि गोत्रका आधारमा थर लेख्ने चलनको सुरुवात भयो। राजनीतिक दलका घोषणापत्रमा जातीय छुवाछूतको अन्त्य गर्ने कुरा धेरै उठ्ने गरेको पाइन्छ। तर उनीहरूमा विभेदको अन्त्य गर्ने ठोस तथा व्यावहारिक कार्यक्रम भने पाइँदैन। समाजमा उत्पन्न जातीय विभेदलाई कसरी अन्त्य गर्ने भन्ने कुरा रुवाण्डाका राष्ट्रपति कागामेको अभ्यासबाट सिक्न सकिन्छ।

हुतु र तुत्सी समुदायको द्वन्द्वबाट उत्पन्न हिंसाबाट लाखौं नागरिकको हत्या भइसके पनि सन् २००० मा राष्ट्रपति भएका कागामेले जातीय विभेदको अन्त्य गर्न संवैधानिक रूपमै जातीय व्यवस्थाको अन्त्य गरे। वास्तवमा नेपालका स्थानीय सरकारले पनि आफ्नो क्षेत्रमा हुने जातीय विभेदको अन्त्यका लागि विशेष व्यवस्था गर्न सक्छन्।नेपालको जातीय विभेद त्यति गम्भीर खालको त छैन तर पनि कुनै स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका नागरिकले थरको बदला गोत्र लेख्ने चलन चलाउने हो भने १० देखि १५ वर्षपछि क्रमिक रूपमा जातीय विभेद हराउँदै जानेछ भने राजनीतिक नेतृत्वको योगदान जन्मजन्मान्तर चम्कने छ।

**मानव संसाधनको विकास**

विकास भनौं वा समृद्धि भनौं, यी सब कुरा प्राप्त गर्ने प्रमुख कडी भनेकै क्षमतावान मानव संसाधन उत्पादन हो। आज विश्वमा जति पनि विकसित देश छन्, ती देशहरूले विकासको खुड्किलो चढ्नका लागि तयार गरेको पहिलो हतियार भनेकै दक्ष तथा सीपयुक्त मानव संसाधन नै हो। तसर्थ अबका स्थानीय तहहरूले आफ्नो क्षेत्रका बालबालिका तथा युवालाई कसरी दक्ष बनाउने, ती युवालाई अध्ययन, अनुसन्धान र आविष्कारमा कसरी जोड्ने भन्ने कुरामा ध्यान दिन आवश्यक छ।

# कक्षा १२ को परीक्षाको सम्पूर्ण तयारी पूरा, प्रश्नपत्र अनलाइनबाटै




**टुडे एक्सप्रेस** / काठमाण्डौ

राष्ट्रिय परीक्षा बोर्डले यस वर्ष कक्षा १२ को परीक्षाको सम्पूर्ण तयारी पूरा गरेको छ।

सोमबारदेखि देशभर एकैसाथ सुरु हुने परीक्षाको सम्पूर्ण तयारी पूरा गरेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो। सोमबार बिहान ८ बजेदेखि सुरु हुने परीक्षा यही जेठ २५ गतेसम्म सञ्चालन हुनेछ। परीक्षामा करिब चार लाख १५ परीक्षार्थी सहभागी हुने जानकारी दिँदै बोर्डका अध्यक्ष डा शर्माले देशभरका एक हजार २९२ केन्द्रमा परीक्षा सञ्चालन हुने बताउनुभयो। उहाँका अनुसार ७७ जिल्लाकै सबै केन्द्रमा परीक्षा सुरु हुनुभन्दा आधा घण्टा अगाडि अनलाइनबाट प्रश्नपत्र पठाइनेछ।

परीक्षा केन्द्रले प्रश्नपत्र फोटोकपी गरेर परीक्षार्थीलाई वितरण गर्नेछ। विगत दुई वर्ष कोभिड महामारीका कारण विद्यार्थीले अध्ययन गरेकै विद्यालय (होम सेन्टर)मा परीक्षा सञ्चालन गर्दा अनलाइनबाटै प्रश्नपत्र पठाउने व्यवस्था गरेपछि यस वर्ष पनि प्रश्नपत्र अनलाइनबाट पठाउने व्यवस्था गरिएको हो। तीन घण्टा सञ्चालन हुने परीक्षालाई शान्तिपूर्ण, मर्यादित, व्यवस्थितरुपमा सम्पन्न गर्न बोर्डका अध्यक्ष डा शर्माले सबै सरोकारवाला निकाय तथा आमनागरिकमा आह्वान गर्नुभएको छ।यसैबीच कक्षा ११ को परीक्षा पनि सोमबारदेखि नै सञ्चालन हुने भएको छ। कक्षा ११ को परीक्षा विद्यालयले नै सञ्चालन गर्न पाउने व्यवस्था गरिएकोले अधिकांश विद्यालयले भोलिदेखि नै परीक्षा सञ्चालन गर्ने भएका हुन्।रासस

# गणतन्त्र दिवसमा कर्णालीका प्रदेश प्रमुख र मुख्यमन्त्रीद्वारा शुभकामना व्यक्त

**टुडे एक्सप्रेस** / कर्णाली



कर्णालीका प्रदेश प्रमुख तिलक परियारले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले संविधानमा परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा ऊर्जा मिलोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ। १५औँ गणतन्त्र दिवसका अवसरमा आइतवार शुभकामना सन्देश जारी गर्दै उहाँले राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिकता र स्वाधिनता अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो। प्रदेश प्रमुख परियारले सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशीता नेपाली जनमानसमा भौतिक र मानसिक रुपले संस्थागत भइसकेको उल्लेख गर्नुभएको छ। यस प्रकारको प्राप्त अधिकार र उपलब्धिको रक्षा, प्रयोग र थप विकास गर्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने प्रेरणा गणतन्त्र दिवसले प्रदान गरोस, सन्देशमा भनिएको छ। साथै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका क्रममा ज्यान गुमाउने शहीदहरूप्रति श्रद्धाञ्जलि तथा विभिन्न आन्दोलनमा घाइते, बेपत्ता र पीडितप्रति सम्मान व्यक्त गर्नुभएको छ। त्यस्तै, कर्णालीका मुख्यमन्त्री जीवनबहादुर शाहीले संविधानको संरक्षण र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संस्थागत विकास गरी मुलुकलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउँदै लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समतामूलक समाज निर्माणमा सबैलाई प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ। गणतन्त्रको स्थापनापश्चातनै समावेशी, समानुपातिक शासन व्यवस्था, धर्मनिरपेक्षता, सङ्घीयतालगायतका महत्वपूर्ण राजनीतिक उपलब्धि प्राप्त गरेका छौँ, संविधानद्वारा संरक्षित लोकतान्त्रिक शासन व्यवस्थामा हाम्रो सामाजिक एवं राजनीतिक जीवनपद्दतिका रुपमा क्रमशः संस्थागत हुँदै गइरहेको छ, मुख्यमन्त्री शाहीको सन्देशमा उल्लेख छ। प्रदेश प्रमुख परियार र मुख्यमन्त्री शाहीले शुभकामना सन्देशमार्फत यही वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिलाई बधाई ज्ञापन गर्नुभएको छ।

प्रतिद्धबता पूरा गर्न सबै लाग्नुप

'सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सङ्घीय लोकतान्त्रिक र गणतन्त्रिक व्यवस्था ल्याउँदा गरिएका प्रतिबद्धता पूरा गर्न सबै लाग्नुपर्नेमा जोड दिनुभएको छ। धनगढीमा आइतबार आयोजित १५औँ गणतन्त्र दिवस समारोहलाई सम्बोधन गर्दै उहाँले नयाँ व्यवस्थामा नयाँपन, नयाँ व्यवहारका साथ काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, विभिन्न चुनौतीलाई पन्छाउँदै समृद्ध नेपाल निर्माणमा जुट्नका लागि हामी आफ्नो कतर्व्यबाट कोही पनि पछाडि पर्नु हुँदैन। आन्तरिक मामिला तथा कानूनमन्त्री डा रणबहादुर रावलले विश्वमै उत्कृष्ट मानिएको सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा उपलब्धि महसुस हुनेगरी काम गर्न सहमति, सहकार्य र एकताको खाँचो रहेको औँल्याउनुभयो। समारोहमा प्रदेश प्रमुख जोशीलाई नेपाली सेनाको टुकडीले सलामी दिनाका साथै विभिन्न समुदायको लोकसंस्कृति झल्किने झाँकी र नाच प्रस्तुत गरिएको थियो। यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बाजागाजासहित आरम्भ गरिएको प्रभातफेरीमा कर्मचारी, प्रहरी, नेपाली सेना, सङ्घसंस्थाका प्रतिनिधि, प्रदेश मन्त्रिपरिषद्का सदस्यलगायत सहभागी हुनुहुन्थ्यो।

सुशील कोइराला मेमोरियल फाउण्डेशनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै संस्थागत गर्नुपर्नेमा जोड दिएको छ। गणतन्त्र दिवसका अवसरमा फाउण्डेशनद्वारा आइतवार जारी विज्ञप्तिमा सहीरुपमा गरिने लामो अभ्यासले नै लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने भएकाले यसतर्फ सबैको ध्यान जानुपर्ने उल्लेख गरिएको छ। फाउण्डेशनका अध्यक्ष एवं नेपाली कांग्रेसका पूर्व महामन्त्री डा शशाङ्क कोइराला र सदस्य सचिव अतुल कोइरालाले जारी गर्नुभएको विज्ञप्तिमा स्थानीय तहको पछिल्लो निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै संस्थागत गरेको उल्लेख छ। एकै चरणमा देशभर शान्तिपूर्णरुपमा जनताले आफ्ना प्रतिनिधि छान्न पाउनु लोकतान्त्रिक अभ्यासको सुन्दर रुप भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। यस्तै स्थानीय तह निर्वाचनबाट निर्वाचित प्रमुख/उपप्रमुख एवं अध्यक्ष/उपाध्यक्षलगायत जनप्रतिनिधिले गर्ने सही अभ्यासले नै यो व्यवस्थालाई संस्थागत गर्दै लैजाने विश्वास लिएको जनाइएको छ।रासस

# गणतन्त्रात्मक शासन व्यवस्थालाई समृद्धिको बहसमा केन्द्रित गरौँ : ओली



**टुडे एक्सप्रेस** / काठमाण्डौ

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकलाई सुशासन र समृद्धितर्फको बहसमा केन्द्रित गर्न सफल भएको बताउनुभएको छ। गणतन्त्र दिवसको अवसरमा शुभकामना सन्देश दिँदै उहाँले आपसमा निराशा बाँडेर बस्ने हाम्रो समाजिक प्रवृत्तिलाई आफूहरूले मुलुकमा गणतन्त्र स्थापना गरेर सुशासन र समृद्धितर्फको बहसमा केन्द्रीत गर्न सफल भएको बताउनुभएको छ।

उहाँले अघिल्लो सरकारले नयाँ संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ गर्दै मुलुकलाई विकास र समृद्धिको बहसतर्फ अग्रसर गराएको बताउनुभयो।

आजको यस ऐतिहासिक दिनले मुलुकलाई जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तमा आधारित राजतन्त्रात्मक शासकीय व्यवस्थाबाट जनताको सर्वोच्चताको प्रणालीमा रुपान्तरण गरेको थियो, मुलुकको सार्वभौमसत्ता र राजकीयसत्ताको स्रोत नेपाली जनतामा निहीत रहने ऐतिहासिक उपलब्धि हामीले हासिल गरेका थियौँ, उहाँले सन्देशमा भन्नुभएको छ,यस ऐतिहासिक परिवर्तनपछि मुलुकले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय व्यवस्थाको अभ्यास गरिरहेको छ।अध्यक्ष ओलीले संविधानमा निहीत सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संरचनात्मक अभ्यासमा अनुवाद गरेर मुलुकमा नवनिर्माणको नयाँ युगको थालनी भएको बताउनुभयो।

जनादेशद्वारा स्थापित हाम्रो नेतृत्वमा भएका यस्ता युगान्तकारी कामले गणतन्त्रात्मक शासन व्यवस्थालाई सृदुढ गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो, यसले सिङ्गो राष्ट्रलाई समृद्ध नेपाल र सुखी नेपालीको गन्तव्यतर्फ अघि बढाएको थियो, उहाँले सन्देशमा भन्नुभएको छ।

उहाँले जनताको बलिदानीपूर्ण सङ्घर्षले स्थापित भएको लोकतान्त्रिक गणतन्त्रमाथि आज संविधानले परिभाषित गरेका राज्यका अङगलाई दुरुपयोग गरी संविधान र प्रणालीको अतिरिक्त व्याख्या तथा अपव्याख्याद्धारा प्रहार गर्ने कामसमेत भइरहेको उल्लेख गर्नुभयो।

संविधानमाथि प्रहार गर्दा मुलुकको दुरगामी यात्रालाई अल्मल्याउँदै संविधान र संवैधानिक संस्थाप्रतिको जनताको आस्थामाथि समेत चोट पुऱ्याएको छ, उहाँले सन्देशमा भन्नुभएको छ, आज मुलुकको विकासमा सम्पूर्ण काममा अल्पविराम लागेका छन् र केही वर्षयता सुरु भएको विकासको राष्ट्रिय बहसको ठाउँ सत्ताशक्तिको अनुचित भागबण्डा, लेनदेन र राज्यस्रोतको दोहनको लिएको छ।

उहाँले एमाले देशभक्तिपूर्ण, लोकतान्त्रिक, परिवर्तनकारी, विकासमुखी र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आंकाक्षा पूरा गर्ने सङ्कल्प बोकेको पार्टी रहेको भन्दै राष्ट्रको यस आकांक्षालाई पूरा गरेर लोकतान्त्रिक गणतन्त्रलाई जनअनुभूतिबाट प्रमाणित गर्न चाहेको बताउनुभएको छ।रासस

# स्रष्टा सम्मानित

**टुडे एक्सप्रेस** / काठमाण्डौ



कविडाँडा साहित्य समाजले साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई सम्मान गरेको छ। समाजको २०औँ वार्षिकोत्सवको अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा स्रष्टाहरूलाई सम्मान एवं पुरस्कृत गरिएको हो। कार्यक्रममा 'कविडाँडा राष्ट्रिय सुवर्ण-तुलसी काव्य पुरस्कारबाट पोखराका वरिष्ठ कवि तीर्थ श्रेष्ठ सम्मानित हुनुभएको छ। उहाँलाई रु ३० हजार १६० सहित सम्मान प्रदान गरिएको हो। 'कविडाँडा देव-खीना स्मृति' सम्मान तथा पुरस्कार चितवनका वरिष्ठ साहित्यकार रेशम विरही र मकवानपुर जिल्लाका वरिष्ठ साहित्यकार तुलसी थापालाई संयुक्तरूपमा प्रदान गरिएको छ। यो पुरस्कारको राशि रु १५ हजार १६० छ।'कविडाँडा राष्ट्रिय युवा वाङ्मयी प्रतिभा' पुरस्कार २०७९ बाट कायाकैरन मिडिया नेटवर्क प्रालिका प्रबन्ध निर्देशक लेखराम सापकोटा सम्मानित हुनुभएको छ। कायाकैरन दैनिक, कायाकैरन डटकम र सम्पूर्ण किताबका माध्यमबाट नेपाली साहित्य, कला र पठन संस्कृतिको विकासमा योगदान पुऱ्याएको भन्दै सापकोटालाई रु १५ हजार १६० नगदसहित सम्मान गरिएको हो।यसैगरी 'कविडाँडा अविनाशी कृति' पुरस्कार २०७८ सालमा प्रकाशित मोक्ष उपन्यासलाई प्रदान गरिएको छ। यो उपन्यासका लेखक सिर्जन अविरललाई रु १५ हजार १६० सहित सम्मान गरिएको हो। कार्यक्रममा नेपाली लेखक सङ्घका केन्द्रीय अध्यक्ष तीर्थ श्रेष्ठले कविडाँडाले गरेको उत्कृष्ट कार्यको खुलेर प्रशंसा गर्नुभयो। श्रेष्ठले देशभरि एकेडेमी खोल्नुको औचित्य नरहेको बताउनुभयो। स्थानीय निकायले होडबाजी गर्नुको सट्टा एकेडेमीको आवश्यकतामा आधारित हुनुपर्नेमा उहाँको जोड थियो।चितवन साहित्य परिषद्का अध्यक्ष केदारनाथ खनाल, नेपाल प्रहरी शिक्षालय भरतपुरका निमित्त समादेशक प्रहरी उपरीक्षक प्रकाश मल्ल, साहित्यकार गायत्री श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। कविडाँडा साहित्य समाजका अध्यक्ष एलबी क्षेत्रीले समाजको उद्देश्य र हालसम्म गरेका गतिविधिका बारेमा प्रकाश पार्नुभएको थियो। कार्यक्रममा सम्मानित स्रष्टा परिचय नवराज ढुङ्गाना र सुरेन्द्र अस्तफलले गराउनुभएको थियो। गतवर्ष समाजले नेपाल भारत कविता उत्सव सम्पन्न गरेको थियो।रासस

# गणतन्त्रको सुदृढीकरणमा एकताबद्ध हुन प्रचण्डको अपिल



**टुडे एक्सप्रेस** / काठमाण्डौ

नेकपा ९माओवादी केन्द्र०का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, विकास र सुदृढीकरणका लागि एकताबद्ध भई अघि बढ्न अपिल गर्नुभएको छ।गणतन्त्र दिवस-२०७९ का अवसरमा आज शुभकामना दिँदै उहाँले सम्पूर्ण देशभक्त, वामपन्थी, प्रगतिशील र लोकतान्त्रिक शक्तिलाई एकताबद्ध हुन आग्रह गर्नुभयो।

परिवर्तन र अग्रगमनसहित संविधानले निर्दिष्ट गरेको समाजवादी लक्ष्य हासिल गर्न वर्तमान वाम-लोकतान्त्रिक गठबन्धन एक भरपर्दो विकल्पका रुपमा प्रस्तुत भएको उहाँको भनाइ छ।नेपालको राजनीतिक इतिहासमा विभिन्न राजनीतिक विचार र प्रवृतिहरूबीच सङ्घर्ष, सहकार्य र रुपान्तरणको प्रक्रियाबाट ठूलाठूला राजनीतिक परिवर्तन सम्भव भएको उल्लेख गर्दै उहाँले कठिन मोडमा वाम-लोकतान्त्रिक शक्ति एक हुँदै आएको बताउनुभयो।

गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्रीका रुपमा मुलुकको नेतृत्व गर्नुभएका अध्यक्ष दाहालले जनयुद्ध, संयुक्त जनआन्दोलन, मधेस आन्दोलनलगायत सङ्घर्षका क्रममा प्राणको आहुति दिने सहिदप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ। उहाँले आन्दोलनका क्रममा बेपत्ता र घाइते भएका योद्धामा उच्च सम्मान व्यक्त गर्नुभएको छ।

आजको दिन नेपाली जनताको सदियौँदेखिको सङ्घर्षको परिणामस्वरुप निरङ्कुश सामन्ती राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा भएको दिन हो भन्दै अध्यक्ष दाहालले नेपाली समाजको अग्रगामी परिवर्तनको यस अभियानकै क्रममा संविधानसभाबाट संविधान निर्माण गरी मुलुक समृद्धिको यात्रामा अगाडि बढिरहेको बताउनुभयो।संविधान कार्यान्वयनका क्रममा देखापरेका अलोकतान्त्रिक, असंवैधानिक र निरङ्कुश प्रवृतिलाई पनि सङ्घषकै बलमा पराजित गरेर यहाँसम्म आइपुगेको उल्लेख गर्दै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने क्रममा देशव्यापीरुपमा एकैसाथ उत्साहजनकरुपमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको बताउनुभयो।निर्वाचनमा जीतहार भन्दा पनि संविधान कार्यान्वयन गर्ने र लोकतन्त्रलाई समृद्ध बनाउने अग्रगमनको प्रक्रिया विजयी बनेकामा आफूहरू हर्षित रहेको जनाउँदै उहाँले यस अवसरमा निर्वाचनमा विजयी जनप्रतिनिधि एवं सहभागी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा आभार प्रकट गर्नुभएको छ।रासस

# लागुऔषध खैरो हिरोइनसहित चार पक्राउ

**टुडे एक्सप्रेस** / कंचनपुर



लागुऔषध खैरो हिरोइनसहित प्रहरीले बेलौरी नगरपालिका-७ पौलाहा मसानघाट क्षेत्रबाट चार जनालाई पक्राउ गरेको छ।जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहका अनुसार हिजो साँझ इलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको टोलीले १५ दशमलव ९८ ग्राम लागुऔषध खैरो हिरोइनसहित चारै जनालाई पक्राउ गरेको हो। उहाँका अनुसार पक्राउ पर्नेमा धनगढी उप-महानगरपालिका-१३ एयरपोर्ट बस्ने वर्ष २२ का दीपक भट्ट, वर्ष १८ का विवेक चौधरी, वर्ष २५ का किशोर राना र वर्ष ३५ का कालुराम राना छन्। से५प २२०९ नम्बरको मोटरसाइकलमा सवार दीपक र विवेकको साथबाट ४ दशमलव ३९ ग्राम र सुपप्र ०१००९ प ८१८ नम्बरको मोटरसाइलमा सवार किशोर र कालुरामको साथबाट ११ दशमलव ५९ ग्राम लागुऔषध खैरो हिरोइन बरामद गरिएको प्रहरी नायब उपरीक्षक शाहले बताउनुभयो।

मोटरसाइकलको टुल बक्स र सेतो प्लास्टिकको थैलाभित्र लुकाइछिपाई चारै जनाले लागुऔषध खैरो हिरोइन लग्दै गरेको अवस्थामा प्रहरीको टोलीले शङ्का लागि जाँच गर्दा फेला पारेको हो।लागुऔषध र मोटरसाइलसहित पक्राउ परेका चारै जनामाथि प्रहरीले आवश्यक अनुसन्धानको कार्य गरिरहेको छ। चार दिनअघि मात्रै प्रहरीले बेलौरी क्षेत्रबाटै चार जनालाई लागुऔषध खैरो हिरोइनसहित पक्राउ गरेको थियो। रासस

# रुखमा बस ठोक्किँदा आठको मृत्यु २० जना घाइते




ढाका, रासस/सिन्ह्वा

यहाँबाट करिब १८० किलोमिटर दक्षिणमा अवस्थित बरिसाल जिल्लामा आइतबार बिहान यात्रीले खचाखच भरिएको एउटा बस रुखमा ठोक्किँदा कम्तिमा आठ जनाको मृत्यु हुनका साथै अन्य २० जना घाइते भएका छन्। रातभरको यात्राका क्रममा राजमार्गमा बस चालकले नियन्त्रण गुमाएको हुनसक्ने जिल्ला प्रहरी उपरीक्षक मारुफ हुसेनले बताएका छन्। उनका अनुसार बसमा रहेका ४२ जनामध्ये २० जना घाइते भएका छन् भने केहीको अवस्था गम्भीर छ। घाइते सबैलाई स्थानीय अस्पताल र क्लिनिकमा लगिएको प्रहरी अधिकारीले जानकारी दिँदै दुर्घटनाको वास्तविक कारणबारे अनुसन्धान भइरहेको बताएका छन्। गुणस्तरहीन राजमार्ग,सवारी साधनको उचित मर्मतसम्भार अभाव, अयोग्य चालकबाट हुने सवारी नियम उल्लङ्घन र नियमन निकायको फितलो अनुगमनका कारण बङ्गलादेश सडक दुर्घटनामा आफ्ना धेरै नागरिक गुमाउने विश्वका प्रमुख मुलुकहरूमा पर्दछ। गैरसरकारी संस्था रोड सेफ्टी फाउन्डेसनले यो महिनाको सुरुमा एक प्रेस विज्ञप्ति जारी गर्दै गत महिना देशभर भएका ४२७ सडक दुर्घटनामा कम्तीमा ५४३ जनाको ज्यान गएको र ६१२ जना घाइते भएका जनाएको थियो।

# राष्ट्रपति र प्रधानमन्त्रीबीच फोनवार्ता



किभ,रासस/सिन्ह्वा

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलिन्स्की र बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनबीच फोनमा कुराकानी भएको छ।

शनिबार उहाँहरूले खासगरी युक्रेनको पछिल्लो अवस्था र यहाँका लागि आवश्यक रहेको प्रतिरक्षा सहयोगका बारेमा कुराकानी भएको बताइएको छ।

सो कुराको जानकारी युक्रेनका राष्ट्रपति जेलिन्स्किले दिनुभएको छ।

युक्रेनका राष्ट्रपति जोलिन्स्कीले सामाजिक सञ्जालमा लेख्नुभएको छ- हामीले युक्रेनका लागि आवश्यक प्रतिरक्षा सहयोगका बारेमा कुराकानी गर्यौं र यो सहयोगलाई थप प्रवर्द्धन गर्ने बारेमा समभ्दारी भएको छ।

त्यस अवसरमा युक्रेनका राष्ट्रपति जेलिन्स्कीले संकटका बेलामा युक्रेनका लागि आवश्यक इन्धन आपूर्तिका विषयमा पनि कुराकानी भएको थियो ।यसअघि यसै महिनाको सुरुआतमा बेलायती प्रधानमन्त्री जोन्सनले युक्रेनका लागि १ अर्ब ६४ करोड अमेरिकी डलर बराबरको सैन्य सहयोग उपलब्ध गराउने घोषणा गर्नुभएको थियो।

# छोरी बेच्न नदिएको झोकमा श्रीमतीको हत्या



डाडु ,रासस/एएनआई

पाकिस्तानका एक नागरिकले आफ्नी छोरी बिक्री गर्न नदिएको झोकमा श्रीमतीको हत्या गरेका छन्।

पाकिस्तानको लक्की शाह सदर इलाकाका जुल्फिकार जिस्कानीले आफ्नी नाबालिग छोरीलाई धेरै रकम लिएर विवाह गराउन खोज्दा उनकी श्रीमतीले त्यसको विरोध गरेकी थिइन्।

श्रीमती बबली जिस्कानीले छोरी बेच्न नदिएपछि क्रोधित भएका उनले बबलीको हत्या गरेका हुन्। हत्याको अभियोगमा उनलाई प्रहरीले हिरासतमा लिएको छ।

बबलीका भाइ मुनव्वर जिस्कानीले आफ्ना भिनाजुले भाञ्जी हुमेरालाई रु एक लाखमा विवाहका लागि एक व्यक्तिलाई सुम्पन गरेको प्रयासको विरोध गर्दा दिदी बबलीको घाँटी थिचेर हत्या गरेको प्रहरीलाई बताएका छन्।

यसअघि पनि भिनाजु जुल्फिकारले आफ्नी दुई छोरीलाई बेचेको उनले प्रहरीलाई जानकारी दिएका छन्।

बबली जसकानीका भाइ मुनव्वरले दिएको उजुरीका आधारमा अभियुक्तलाई पक्राउ गरिएको हो।

हत्याको छानबिन शीघ्र शुरु हुने प्रहरीले जनाएको छ। सेहवान अस्पतालमा पोष्टमार्टमपछि बबली जसकानीको शव आफन्तलाई बुझाइएको छ।

# आईपीएलको उपाधिका लागि गुजरात र राजस्थान भिड्दै



टुडे एक्सप्रेस/काठमाडौं

इन्डियन प्रिमियर लिग (आईपीएल) को १५औं संस्करणको फाइनल खेल आइतवार हुँदैछ। उपाधिका लागि पहिलो पटक आईपीएल खेलिरहेको गुजरात टाइटन्स र १४ वर्षपछि फाइनल पुगेको राजस्थान रोयल्स भिड्दैछन्। फाइनल खेल अहमेदवादस्थित नरेन्द्र मोदी स्टेडियममा राति ८:१५ बजे सुरु हुनेछ।

हार्कस पाण्ड्याको कप्तानीमा रहेको गुजरात पहिलो पटक आईपीएल खेल्दा नै फाइनल पुगेर उपाधि नजिक पुगेको हो। लिगमा १४ मध्ये १० खेल जित्दै पहिलो भएको गुजरातले पहिलो क्वालिफायरमा लिगमा दोस्रो भएको राजस्थान रोयल्सलाई ७ विकेटले पराजित गरेर फाइनलमा स्थान बनाएको थियो ।क्वालिफायरमा पराजित भए पनि अर्को अवसरमा राजस्थानले रोयल च्यालेन्जर्स बेंगलोरलाई दोस्रो क्वालिफायरमा पराजित गरेर राजस्थानले फाइनलमा गुजरातसँग भेट पक्का गरेको हो ।सन् २००८ मा भएको पहिलो संस्करणको च्याम्पियन राजस्थान त्यसयता पहिलो पटक फाइनल पुगेको हो। सन्जु सामसनको कप्तानीमा राजस्थानले यस सिजन उत्कृष्ट प्रदर्शन गरिरहेको छ ।हार्दिकको कप्तानी रहेको गुजरातका लागि डेविड मिलर, रासिद खान, शुभमन गिल, ऋद्धिमान शाह, राहुल तेवाटिया, मोहम्मद शामी, लकी पर्गुसनल लगायतले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् ।राजस्थानको टिममा पनि यस पटक उत्कृष्ट खेलाडीहरू छन्। ओपनर जोस बटलरले यस सिजन चार शतक प्रहार गरिसकेका छन् र उनी उत्कृष्ट फर्ममा छन्। कप्तान सन्जु सामसन पनि राम्रो खेलिरहेका छन् ।लोअर अर्डर शिम्रोन हेटमायर र रियान परागले सम्हालिरहेका छन्।

रियानको फिल्डिङ पनि उत्कृष्ट रहेको छ।

बलिङमा रविचन्द्र आश्विन र युजभेन्द्र चहलको स्पीन जोडीले उत्कृष्ट प्रदर्शन गर्दा ट्रेन्ट बोल्ट र प्रसिद कृष्णाले फास्ट बलिङ सम्हालिरहेका छन् ।लिग चरण र प्लेअफमा गरी गुजरात र राजस्थान दुई पटक भेट हुँदा दुवै पटक गुजरात विजयी भएको थियो। लिग चरणमा गुजरातले राजस्थानलाई ३७ रनले पराजित गरेको थियो ।यसअघि राजस्थानमाथि हावी भएकाले गुजरातलाई फाइनलमा पनि केही फाइदा मिल्नेछ।

यसअघिको लयलाई काम राख्दै पहिलो पटक उपाधि जित्ने लक्ष्यमा गुजरात छ। उता राजस्थानको लागि गुजरात विरुद्ध यसअघिका हारको बदला लिने अवसर आएको छ।

यदि गुजरातले उपाधि जिते २०१६ पछि आईपीएलले नयाँ विजेता पाउनेछ। पहिलो संस्करणमा उपाधि जितेपछि फाइनल पुग्न १४ वर्ष कुर्नुपरेको राजस्थानले उपाधि जितेमा एक भन्दा बढी उपाधि जित्ने चौथो टिम बन्नेछ।

अहिलेसम्म मुम्बई इन्डियन्सले सर्वाधिक ५ पटक उपाधि जित्दा चेन्नाई सुपर किंग्सले ४ र कोलकता नाइट राइडर्सले २ पटक उपाधि उचालेका छन्। राजस्थानसँगै डेक्कन चार्जर्स र सनराइजर्स हैदरावादले एक-एक पटक आईपीएलको उपाधि जितेका छन्।

# नेपाली क्रिकेट टोली अमेरिका प्रस्थान



टुडे एक्सप्रेस/काठमाडौं

अमेरिकामा आयोजना हुन लागेको आईसीसी विश्वकप लिग-टू क्रिकेट प्रतियोगिता अन्तर्गत त्रिकोणात्मक एक दिवसीय शृंखलाका लागि नेपाली टोली अमेरिका प्रस्थान गरेको छ ।टोलीलाई नेपाल क्रिकेट संघ (क्यान) ले एक कार्यक्रमको आयोजना गरेर विदाइ गरेको थियो। टोलीलाई युवा तथा खेलकुदमन्त्री महेश्वर जंग गहतराज, क्यानका अध्यक्ष चतुर बहादुर चन्द लगाएतको टोलीले विदाइ गरे ।अमेरिका जानुअघिको विदाई कार्यक्रममा कप्तान सन्दीप लामिछानले तयारी राम्रो भएकाले नतिजा पनि राम्रो आउने विश्वास व्यक्त गरे ।'टोली सन्तुलित छ। हामी सबै पक्षमा तयार छौं। हामी एक दिवसीय मान्यतालाई जोगाउने भन्दा खेललाई सुखद बनाउने योजनामा हुनेछौं,' उनले भने ।धेरै खेल खेल्न बाँकी रहेकाले नेपाली टोलीलाई अर्को चरण पुग्नका लागि पनि अमेरिका भ्रमण निकै महत्वपूर्ण रहेको बताए। कप्तान लामिछानेले ब्याटिङ पक्षमा सुधार भएको र अमेरिका भ्रमणमा ब्याटिङ पक्षले जिताउनेमा आफू आशवादी रहेको बताए ।मुख्य प्रशिक्षक पुबुदु दशानायकेले नेपाली टोली तयारी राम्रो भएको सुखद नतिजा निकाल्नमा आफू आशावादी रहेको प्रतिक्रिया दिए ।पहिलो पटक शृंखलाका लागि नेपाली टोली अमेरिका गएको हो। अमेरिकामा नेपालले घरेलु टोली र ओमानसँग त्रिकोणात्मक शृंखला खेल्नेछ। शृंखला पूर्व नेपाली टोलीले अमेरिकामा त्यहाँका दुई क्लबसँग अभ्यास खेल खेल्ने तालिका छ ।नेपालले पहिलो खेल ओमानसँग जुन ९ तारिखमा खेल्नेछ। त्यसपछि जुन ११ मा नेपाली टिमले अमेरिकासँग खेल्नेछ भने जुन १४ मा ओमानसँग दोस्रो खेल खेल्ने तालिका रहेको छ। यस्तै जुन १५ मा अमेरिकासँग दोस्रो खेल्ने छ ।आईसीसी विश्वकप लिग-टू प्रतिस्पर्धा गरिरहेका ७ टिमले ३६ वटा म्याच खेल्नु पर्छ। अहिलेसम्म ३२ म्याच खेलेको ओमानले १९ खेलमा जित र १ खेलमा बराबरी गर्दा १ खेल भने नतिजा बिहीन बनेको थियो। ओमान ४० अंकसहित शीर्ष स्थानमा छ ।यसैगरी स्कटल्याण्ड २४ अंकसहित दोस्रो स्थानमा रहँदा युएई २२ अंकसहित तेस्रो स्थानमा रहेको छ ।१२ खेल मात्र खेलेको नेपाल अहिले छैटौं स्थानमा छ। पपुवा न्युगिनीले २० खेलमा प्रतिस्पर्धा गर्दा एक मात्र जित निकाल्दै २ अंक जोडेर तालिकाको पुछारमा छ ।अमेरिका पाँचौं स्थानमा छ भने नामिविया चौथो स्थानमा छ। ७ मध्य शीर्ष ३ मा पर्ने टिमले अर्को वर्ष हुने विश्वकप क्रिकेटको छनोटका लागि स्थान बनाउने छन्।

# सगरमाथा दिवस मनाइयो



टुडे एक्सप्रेस / काठमाण्डौ

आइतवार १५औँ अन्तर्राष्ट्रिय सगरमाथा दिवस स्वदेश तथा विदेशमा विभिन्न कार्यक्रम गरी मनाइएको छ। विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पहिलोपटक मानव पाइला टेकिएको ६९ वर्ष पूरा भएको छ। सन् १९५३ मे २९ तारिख आजकै दिन दुई पर्वतारोही तेन्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीले पहिलो पटक सगरमाथामाको शिखरमा पुगी विश्वलाई मानवीय साहस र क्षमताको ऐतिहासिक परिचय दिएका थिए। यस घटनाले विश्वभर नै ठूलो चर्चा पायो र नेपालले सगरमाथाको देश भनेर संसारभर ख्याति पायो। दुई साहसी आरोही शेर्पा र हिलारीले सगरमाथा आरोहण गरेको दिन (मे २९ तारिक) को स्मरणमा सरकारले हरेक वर्ष जेठ १५ लाई सगरमाथा दिवसका रूपमा मनाउने गरेको छ। आरोही हिलारीको सन् २००८ जनवरी ११ मा निधन भएको थियो। नोर्गेको सन् १९८६ मे ९ मा निधन भएको थियो। संयोग नेपालमा गणतन्त्र दिवस र सगरमाथा दिवस एकै दिन परेको छ।सोही ऐतिहासिक घटनाको स्मरण गर्दै मे २९ लाई अन्तरराष्ट्रिय सगरमाथा दिवसका रूपमा नेपाल र विदेशमा समेत विभिन्न कार्यक्रमका साथ मनाउँदै आएको छ। नेपालमा सन् २००८ मा साहसी आरोही हिलारीको निधन भएको सन्दर्भ पारेर पर्यटन मन्त्रालयले अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउदैँ आएको छ।मूल आयोजक समितिले आज यहाँ आयोजना गरेको कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, पर्यटन सचिव महेश्वर न्यौपाने, पर्यटन क्षेत्रका अगुवा व्यक्तित्व, कीर्तिमानी आरोही, पर्यटन व्यवसायीलगायतको सहभागीता रहेको छ।नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष सन्तवीर लामाले पर्वतारोहणलाई सुरक्षित र व्यावसायिक बनाइनुपर्नेमा जोड दिनुभयो।कीर्तिमानी आरोही कामीरिता शेर्पाले पर्वतारोही शेर्पा पथ प्रदर्शकको समस्यालाई सम्बोधन गर्न सरोकारवाला निकायले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले दिवस मनाउनुको औचित्यबारे प्रकाश पार्दै पुरस्कृत आरोहीको विवरण घोषणा गर्नुभएको थियो।कार्यक्रममा रु एक लाख राशिको अन्तरराष्ट्रिय सगरमाथा पुरस्कार प्रख्यात आरोही निर्मल पुर्जालाई प्रदान गरिएको छ।

यस्तै रु ५० हजार राशिको तेन्जिङ हिलारी पुरस्कार पर्वतीय पर्यटनमा उल्लेखनीय योगदान गर्ने र विभिन्न कीर्तिमान कायम गर्ने टासीलाक्पा शेर्पा, मिङमा ग्याल्जेन शेर्पा, खिमलाल गौतम र दाबा शेर्पालाई प्रदान गरिएको छ। ती सबै पुरस्कार पर्यटनमन्त्री आलेले वितरण गर्नुभएको थियो। औपचारिक कार्यक्रमअघि पर्यटन व्यवसायी एवं सरोकारवालाहरूको अगुवाइमा ठमेलदेखि कार्यक्रमस्थल कमलादीसम्म प्रभातफेरी आयोजना गरिएको थियो।सगरमाथा आरोहणको इतिहासमा हालसम्म करिब सात हजार स्वदेशी तथा विदेशी पर्वतारोहीले सर्वोच्च शिखरको साहसिक विजययात्रा पूरा गरिसकेका छन् भने सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीहरूले नयाँनयाँ कीर्तिमानसमेत थप्दै आएका छन्। पछिल्लो पटक कामीरिता शेर्पाले २६ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाएका छन्। शेर्पाले सन् १९९४ मा पहिलोपटक सगरमाथाको आरोहण गर्नुभएको थियो। आप्पा शेर्पाले २१ पटक तथा अन्य कीर्तिमानी आरोहीले नयाँ रेकर्ड बनाएका थिए।पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनियरिङ इन नेपाल, फ्याक्ट्स एन्ड फिगर-२०२० ' का अनुसार नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एडमण्ड हिलारीले आरोहण सुरु गरेयता हालसम्म ६ हजार ५०७ आरोहीले सगरमाथाको सफल आरोहण गरेका छन्। हालसम्म सगरमाथा आरोहण गर्ने महिला मात्र ४७१ जना पुगेका छन्। सन् १९७५ मे १६ तारिखका दिन जापानी आरोही जुनको तावेईले सगरमाथा आरोहण गरेर पहिलो महिला सगरमाथा आरोहीको उपमा पाउनु भएको थियो।

सोलुखुम्बुकी पासाङ ल्हामु शेर्पाले विसं २०५० वैशाख १० गते सगरमाथाको आरोहण गरी सगरमाथा चढ्ने प्रथम महिला आरोहीको कीर्तिमान कायम गर्नुभएको थियो। जापानी नागरिक जुन्को तावेई विश्वकै पहिलो महिला सगरमाथा आरोहीको रेकर्ड छ।रासस

# यातायात क्षेत्रमा समस्यै समस्या




टुडे एक्सप्रेस / गलकोट

बागलुङका यातायात व्यवसायी विष्णु अधिकारी काठमाडौं गएको समयमा सवारी जाँचका क्रममा चालक अनुमतिपत्र (लाइसेन्स) प्रहरीले राख्छ। सवारी र चालक बागलुङ फर्किन्छन्। लाइसेन्स ल्याउन पुन काठमाडौँ जानुपर्ने समस्या, त्यो पनि कतिदिनमा लाइसेन्स भेटिन्छ टुङ्गो छैन। लाइसेन्स लिन काठमाडौं जाँदा ट्राफिक प्रहरी परिवर्तन भइसक्छ उस्तै परे लाइसेन्स हराउँछ, कम्तीमा हामीले राजस्व जम्मा गरेपछि बागलुङ पठाउने व्यवस्था ट्राफिक प्रहरीले गर्नुपर्दछ उहाँले भन्नुभयो आफ्नो सवारी बागलुङबाट म्याग्दी जाँदा अस्थायी रुट परमिट ल्याउनुपर्छ त्यसपछि पुन बागलुङ हुँदै कुस्मिशेरा जानु पर्ला एक दिनमा कति पटक रुट परमिट लिने, कति पटक शुल्क बुझाउने, साविक धौलागिरिका जिल्लामा एउटै रुट परमिट लागू गर्दा राम्रो हुन्थ्यो।यस्तै बागलुङका अर्का यातायात व्यवसायी उमेश केसीले सवारी साधन नगरपालिका र यातायात व्यवस्था कार्यालयले किनेर चलाउन चुनौती नै दिनुभयो।

यातायात व्यवसायीको समस्या कस्ले बुझ्ने, कोरोनाले सबै ऋणमा डुबेका छन्, तेलको भाउले भाडाले सवारी थाम्नै गाह्रो भएको छ, चार वर्ष बागलुङ-पोखरा सडक निर्माणाधीन हुँदा कच्ची जस्तै थियो त्यतिबेला भाडा बढाउने कसैले चासो दिएनन् उहाँले भन्नुभयो अहिले बाटो सुधार भयो भाडा बढी भयो भनेर हैरान पारेका छन्, त्यतिबेला कच्ची बाटोमा हाम्रा सवारीसाधन कसरी गुडका थिए कसैको ध्यान गएको थियो, मत भन्छु नियमन गर्ने निकायले एक/दुई वटा सवारी किनेर गुडाओस् न अनि बल्ल हाम्रो समस्या थाहा हुन्छ। उहाँले पुरानो कानुनका कारण यातायात व्यवस्थापन क्षेत्रमा समस्या नै समस्या भएको भन्दै विस्तारै यातायात व्यवसायीहरू धरासायी बन्दै गएको बताउनुभयो। यातायात व्यवसायीको मात्रै हैन ट्राफिक प्रहरीहरूको समेत समस्या उस्तै छ। सरकारले स्मार्ट लाइसेन्स वितरण गर्न थालेको वर्षौ भयो सँगै एम्बोस्ट नम्बर प्लेटसमेत। तर अहिलेसम्म उक्त लाइसेन्स र नम्बर प्लेट रिड गर्ने औजार ट्राफिकसँग छैन।

जिल्ला ट्राफिक कार्यालय बागलुङका प्रमुख राजकुमार केसीले सवारी जाँचका क्रममा अधिकांशले ब्लु-बुक यातायात कार्यालयमा रहेको भन्नुहुन्छ तर हामीले तत्कालै त्यहाँ छ वा छैन भनेर हेर्ने संयन्त्र छैन त्यसैले सवारी साधन जाँच गर्दासमेत समस्या देखिन्छ। लाइसेन्स तथा ब्लु-बुक नभएकाले यातायात कार्यालयमा नवीकरणका लागि दिएका छौं भन्नुहुन्छ व्यवसायी केसीले भन्नुभयो ट्राफिक प्रहरीले तत्कालै बुझ्ने कुनै संयन्त्र छैन, हामीले चिट काट्नुको विकल्प हुँदैन, चालकहरूले यातायात व्यवस्था कार्यालयले ढिलाइ गर्दा आफ्नो ब्लु-बुक नआएको गुनासो गर्नुहुन्छ, यातायात कार्यालयले छिटो लाइसेन्स र ब्लु-बुक नवीकरण गरिदिनु पर्‍यो, हैन भने यातायातले लाइसेन्स तथा ब्लु-बुक नवीकरका लागि राख्दा जानकारी पत्र जस्तो दिनुपर्‍यो। यातायात व्यवसायीको यस्तै गुनासो सुन्ने र समाधान गर्ने उद्देश्यले साविक धौलागिरिका पर्वत, म्याग्दी र बागलुङका यातायात व्यवसायी, ट्राफिक प्रहरी, पत्रकारहरू र सरोकारवाला निकायबीच यातायात व्यवस्था कार्यालय कास्की सवारी कार्यालयको आयोजनामा बागलुङमा गरिएको अन्तरक्रियामा यातायात सेवा व्यवस्थापन, समस्या, चुनौती र समस्या समाधान विषयक बागलुङमा शनिरबार आयोजित अन्तरक्रिया कार्यक्रममा व्यक्त भएका प्रतिनिधि समस्या मात्रै हुन् यिनीहरू।

यातायात क्षेत्रमा लाइसेन्स लिनेहरूको समेत समस्या उस्तै छ। लाइसेन्स लिनकै लागि वर्षौ कुर्नुपर्ने अवस्थाको अन्त्य गर्न सहभागीहरूले यातायात कार्यालयलाई आग्रह गरेका थिए।

यातायात व्यवस्था कार्यालय कास्की सवारीका प्रमुख डिल्लीराम रिजालले यातायात व्यवस्था कार्यालय अब पूरै डिजिटल हुने भन्दै नागरिकलाई छिटो र छरितो सेवा दिन सहयोग पुग्ने र विचौलियाविहीन कार्यालय बनाइने बताउनुभयो। उहाँले यातायात व्यवसायीलगायतको गुनासोका आधारमा आगामी दिनमा यातायात व्यवसाय कार्यालयले सवारी साधनको अनुगमन, दर्ता, लाइसेन्सलगायतका काममा सुधार गर्दै जाने बताउनुभयो।

कार्यक्रममा बागलुङ नगरपालिकाका नगर प्रमुख वसन्तकुमार श्रेष्ठले बागलुङमा ट्राफिक व्यवस्थापनका लागि जग्गा व्यवस्थापन गरेर पार्किङको व्यवस्था गरेर ट्राफिक जाम कम गर्ने जानकारी दिनुभयो। यस्तै बेनी नगर प्रमुख सुरत केसीले यातायातसम्बन्धी सानो कामका लागिसमेत बागलुङ धाउनुपर्ने कार्यको अन्त्य गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा यातायात व्यवस्था कार्यालय कास्की सवारी कार्यालयका प्रमुख डिल्लीराम रिजाल तथा यातायात व्यवस्था कार्यालय कास्की लाइसेन्सका प्रमुख प्रेम सुवेदीले अन्तरक्रिया कार्यक्रमलाई सहजीकरण गर्दै यातायात र लाइसेन्स क्षेत्रमा भएको काम, समस्या, चुनौती र समाधानका विषयमा अवधारणा पत्र प्रस्तुत गर्नुभएको छ। रासस

# आठ महिनामा ३२५ किमी सडक कालोपत्र र ८० पुल सम्पन्न

टुडे एक्सप्रेस / काठमाण्डौ



सरकारले चालू आर्थिक वर्षको आठ महिनामा ३२५ किलोमिटर सडक कालोपत्र र ८० पुलको निर्माण सम्पन्न गरेको छ। सरकारले शनिबार सार्वजनिक गरेको आर्थिक सर्वेक्षणअनुसार गत फागुनसम्ममा २६५ किमी सडकखण्ड ग्राभेल भएको छ भने ९५ किमी मर्मत भएको छ। हालसम्म १६ हजार ९३९ किमी कालोपत्र सडक र आठ हजार हजार ८२१ किमी कच्ची गरी सडकको लम्बाइ ३३ हजार ८७१ किमी पुगेको छ। गत असारसम्ममा १६ हजार ६१४ किमी कालोपत्र, आठ हजार ७१ किमी खण्डस्थित र आठ हजार ९३१ किमी कच्ची सडक थियो। गत आवमा नै ४७२ किमी नयाँ माटे सडक निर्माण भएको उल्लेख छ। यो अवधिमा ७३९ किमी सडक ग्राभेल र एक हजार १९० किमी सडक कालोपत्रमा स्तरोन्नति भएको थियो। गत आवमा नै सात हजार १८७ किमी सडक नियमित र पटके मर्मत र ४२४ किमी आवधिक मर्मत भएको थियो। गत आवमा १९२ पुल सम्पन्न भएको थियो। फागुनसम्ममा नै प्रादेशिक र स्थानीयस्तरका कच्ची, ग्राभेल र कालोपत्र गरी ९२१ किमी सडक निर्माण भएर जम्मा ६४ हजार ६१७ किमी सडक निर्माण भएको छ। गत असारसम्ममा कूल प्रादेशिक र स्थानीय सडकको लम्बाइ ६३ हजार ६९६ किमी रहेको थियो। निर्मित सडकमध्ये कालोपत्रको अङ्स सात प्रतिशत, गाभ्रेलको २१ प्रतिशत र कच्ची सडकको ७२ प्रतिशत रहेको छ। निर्माण भएका कच्ची सडकको क्रमिकरुपमा स्तरोन्नति गर्नुपर्ने र विद्यमान सडक चौडा गर्नुपर्ने सर्वेक्षणमा बताइएको छ।

गत फागुनसम्म कूल सडकमध्ये हिमाली क्षेत्रमा १६ प्रतिशत, पहाडमा ५५ प्रतिशत र तराईमा २९ प्रतिशत रहेको थियो। राष्ट्रिय गौरवका आयोजनामध्ये मध्यपहाडी (पुष्पलाल) राजमार्ग ४४ किमी थपिएर एक हजार १५७ किमी पुगेको छ । यहाँका १२९ पुलमध्ये हालसम्म ९२ पुल निर्माण सम्पन्न भएका छन्। हुलाकी राजमार्गमा यो अवधिमा ८१ किमी सडक र पाँच पुल निर्माण भएको थियो। उत्तर-दक्षिण करिडोरमध्ये कालीगण्डकी करिडोरमा यो वर्ष गैंडाकोट-राम्दी-मालढुङ्गा खण्डमा ६४ किमी कालोपत्र भएको थियो। मालढुङ्गा-बेनी जोमसोम कोरला १३२ किमी ग्राभेल र २५ किमी कालोपत्र भएको थियो। कर्णाली करिडोरमा यो वर्ष सिमकोट-सरीसल्ला तीन किमी ट्र्याक थप भएर २६१ किमी ट्र्याक निर्माण भएको छ। कोसी करिडोरमा यो वर्ष थप चार किमी ग्राभेल थपिएर ग्राभेल सडकको लम्बाइ ७२ किमी पुगेको छ।

मदन भण्डारी राजमार्गमा गत फागुनसम्ममा थप चार किमीमा कालोपत्र भएर कालोपत्र सडक २४१ किमी पुगेको। जम्मा १८५ पुल निर्माण गर्नुपर्नेमा हालसम्म ७७ पुल सम्पन्न भएको छ। प्रमुख व्यापारिक सडकमध्ये रानी-विराटनगर-इटहरी-धरान खण्डमा दुई किमी, जटही-जनकपुर-ढल्केबर खण्डमा एक दशमलव दुई किमी, वीरगञ्ज-पथलैया दुई दशमलव दुई किमी र मोहना-अत्तरिया खण्डमा ५०० मिटर कालोपत्र सम्पन्न भएको छ। स्थानीय पूर्वाधारअन्तर्गत गत फागुनसम्ममा नै २१५ झोलुङ्गे पुल र चार सडक पुल निर्माण भएको छ। हाल झोलुङ्गे पुलको सङ्ख्या नौ हजार ३८८ र सडक पुलको ६२७ पुगेको छ। पहिचान भएका १४३ तुइनमध्ये १३४ तुइन झोलुङ्गे पुलद्वारा विस्थापित गरिएको जनाइएको छ।

# जिन एक्सपर्ट मेसिन बिग्रदा बिरामीलाई समस्या

टुडे एक्सप्रेस / टिकापुर




टीकापुर अस्पतालमा क्षयरोगका बिरामी निदान गर्ने 'जिन एक्सपर्ट मेसिन' बिग्रिदा बिरामीलाई समस्या परेको छ। अस्पतालमा हाल क्षयरोगको शङ्का लागेका बिरामीको खकार परीक्षणमात्रै हुने गरेको छ। चिकित्सकका अनुसार खकार परीक्षण गर्दा औषधि प्रतिरोधी क्षयरोग भएका बिरामी निदानमा समस्या हुने भएकाले जिन एक्सपर्ट गर्नुपर्ने हुन्छ।मेसिन बिग्रिएपछि यहाँका क्षयरोग शङ्का लागेको बिरामीलाई अस्पतालले धनगढी वा नेपालगञ्ज पठाउने गरेको टीकापुर अस्पतालका क्षय कुष्ठरोग सहायक रामप्रसाद ज्ञवालीले बताउनुभयो।

मेसिन बिग्रिएको छ। मेसिन मर्मतका लागि मानिस बोलाएका छौं, तर अझै भएको छैन, उहाँले भन्नुभयो, यसका साथै यहाँ छाती रोग विशेषज्ञ नभएका कारण पनि क्षयरोगका केही बिरामीलाई उपचारका लागि अन्यन्त्र जानुपर्ने बाध्यता छ।क्षय कुष्ठरोग सहायक ज्ञवाली मेसिन बिग्रिएका कारण उपचारमा आउने ५० प्रतिशत बिरामीले रोग निदानका लागि टीकापुर बाहिर जानुपरेको बताउनुभयो।औषधि प्रतिरोधी क्षयरोग भएका बिरामीको यहाँ उपचार त हुन्छ तर निदानमै समस्या छ। टीकापुरमा गत वर्ष ११९ जना क्षयरोगका बिरामी उपचारमा आएका थिए। चालु आर्थिक वर्षको फागुन महिनासम्म ११४ जना उपचार गरिरहेका छन्। टीकापुर नगरपालिकाका क्षयरोग अधिकृत सुस्मिता रावल यसवर्ष क्षयरोगका बिरामीको सङ्ख्या बढ्ने सक्ने बताउनुभयो।

हामीले खोजपड्ताल कार्यक्रमसमेत गरिरहेका छौं, यसका साथै नगरपालिकालाई क्षयरोग मुक्त पालिका बनाउन विभिन्न गतिविधि भइरहेका छन्'', उहाँले भन्नुभयो, ''समुदायमा क्षयरोगी छन्, जति उपचारमा आउनुपर्ने थियो त्यति मानिस आएको देखिँदैन। अब हामी सबै मिलेर क्षयरोगी निदानका लागि काम गरेमा सङ्ख्या बढ्छ।

क्षयरोग अधिकृत रावलले कैलालीमा क्षयरोग निदानका लागि ५१ डट्स केन्द्र, ३४ माइक्रोस्कोपी केन्द्र, तीन जिन एक्सपर्ट केन्द्र, दुई डीआर केन्द्र, एक डीआर सब सेन्टर र एक डीआर होम रहेको जानकारी दिनुभयो।

टीकापुरमा हाल तीन स्थानमा क्षयरोगीको निदानका लागि परीक्षणको व्यवस्था भएको बताउँदै थप तीन स्वास्थ्य संस्थामा परीक्षणका लागि ल्याब स्थापना गरिनेछ, उहाँले भन्नुभयो, क्षयरोग सरुवा रोग भएकाले लक्षण देखिएकाहरूलाई समयमै उपचारमा लैजानुपर्छ।

यो जिम्मेवारी परिवार, छिमेकी सबैको हो।टीकापुर नगरपालिकाले क्षयरोगी पत्ता लगाउन हरेक वडामा वडास्तरीय सूक्ष्म योजना बनाउन थालेको छ। वडामा रहेका जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयम् सेविका, शिक्षक, बडघर तथा विभिन्न सङ्घसंस्थालाई जिम्मेवार बनाउन योजना बनाएरै काम थालेका सिनियर अनमी हेमा ज्ञवाली बताउनुहुन्छ।

समुदायमा अझै क्षयरोगका बिरामी रहेकाले तिनको निदानका लागि स्वास्थ्यकर्मी मात्रले सम्भव नहुने भएकाले सबैलाई सक्रिय बनाउन योजनासहित काम गर्ने तयारी भएको हो, क्षय कुष्ठरोग सहायक ज्ञवालीले भन्नुभयो, अब समुदायमा लक्षण देखिएका बिरामीलाई अस्पताल प्रेषण गर्ने काम समुदायका नागरिकले गर्ने हो।कैलाली जिल्ला क्षयरोगको जोखिममा रहेको जिल्ला हो। सरकारले यसवर्ष देशभरका २२ जिल्लालाई क्षयरोग मुक्त पालिका बनाउन अभियान सुरु गरेको छ। कैलालीको टीकापुर क्षयरोगको जोखिममा रहेकाले सुदूरपश्चिमका तीन पालिका त्यसमा टीकापुर पनि छनोटमा परेर अभियान सुरु गरेको छ। क्षयरोगको उपचारमा आउनेहरूले नियमित औषधि सेवन नगर्दा पनि क्षयरोग निवारणमा समस्या हुने गरेको स्वास्थ्यकर्मी बताउँछन्। घरमुलीलाई क्षयरोग भएमा उसको परिवार नै समस्यामा पर्छ। नियमित औषधि सेवन गर्दा उसको रोजीरोटी चल्दैन, भन्नुभयो, ''त्यसैले कतिपयले २/३ महिना नियमित औषधि सेवन गर्ने अलि आराम भएपछि रोजगारीका लागि बाहिर जाने गर्नाले रोग निवारणमा समस्या हुन्छ। यो औषधि नियमित सेवन गर्नुपर्छ।रासस

# संघीय लोकतान्त्रिक गणतन्त्र युगान्तकारी परिवर्तन : मुख्यमन्त्री केसी



**टुडे एक्सप्रेस** / लुम्बीनी

लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल प्राप्ति सामान्य नभएर यो एउटा युगान्तकारी परिवर्तन र ऐतिहासिक घटनाक्रम भएको बताउनुभएको छ।

गणतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले गणतन्त्र नेपालको स्थापनाका लागि नेपालीहरूको महत्वपूर्ण त्याग, तपस्या र बलिदानबाट मात्रै सम्भव भएको हो भन्नुभएको छ।

सन्देशमा सबैको मेहनत, योगदानबाट आएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै बलियो र मजबुत बनाउँदै लैजानु सबै नेपालीहरूको कर्तव्य र अधिकार रहेको उल्लेख गरिएको छ। सन्देशमा भनिएको छ गणतन्त्र नेपालको स्थापनासँगै गणतन्त्रको जगमा संविधान जारी भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, सामाजिक न्यायसहितको समानुपातिक समावेशी शासन व्यवस्थालगायत बलिदानीपूर्ण सङ्घर्षबाट नेपाली जनताले प्राप्त गरेका अधिकारहरू संस्थागत भएकाले आफ्ना अधिकारहरूलाई संस्थागत गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालप्रति गौरव गर्न प्रदेशवासीमा अपिल गर्दछु।

शुभकामना सन्देशमा गणतन्त्र नेपालको जगमा जारी संविधानमा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध प्रदेश एवं राष्ट्र निर्माण गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने सङ्कल्प गरेको जनाइएको छ।

विज्ञप्तिमा विगतका राज्यव्यवस्थाले सृजना गरेका वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिकलगायतका सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरणमार्फत लाभको न्यायोचित वितरणलाई प्रदेश सरकार दृढ सङ्कल्पित रहेको पनि उल्लेख गरिएको छ। रासस

# दाङमा युरिया मल अभाव



**टुडे एक्सप्रेस** / देउखुरी

घोराही- ७ का किसान बाबुराम चौधरीले धानको बीउ राख्न खेत जोतेर तयार पार्नुभएको छ। दशकट्ठा खेतलाई चाहिने बीउ किनेर ल्याए पनि रासायनिक मल नपाइएका कारण उहाँले अझैसम्म बीउ राख्न सक्नुभएको छैन। धान खेतीका लागि युरिया मल आवश्यक पर्दछ तर बजारमा मल पाइएको छैन कसरी बीउ राख्ने ? उहाँको भनाइ थियो। घोराही-९का किसान खुसीराम चौधरीले १८ कट्ठा जमिनमा धान खेती गर्नुहुन्छ। उहाँले पनि बीउ किनिसक्नुभएको तर मल नपाइएका कारण बीउ राख्न नसकिएको बताउनुभयो। रासायनिक मल नहाले बाली सप्रदैन। समयमा रासायनिक मल पाइयो भने खेती समयमा गर्न सकिने किसान चौधरीको भनाइ थियो। रासायसनिक मल राखेर गरेको खेती राम्रो हुने र धेरै अनाज फल्ने भएका कारण किसानले बीउ राख्दा नै मल पनि प्रयोग गर्दछन्।

धान र मकै खेतीका लागि रासायनिक मल आवश्यक पर्ने र समयमा मल नपाउँदा किसान चिन्तित भएका हुन्। डिएपी र पोटास मल केही मात्रमा भए पनि युरिया मल नभएका कारण किसानलाई खेती गर्न समस्या भएको छ। दाङमा युरिया मलको अभाव छ। जिल्लामा ४०७ मेट्रिक टन डिएपी मल मात्रै स्टक रहेको र युरिया मल आउँदै नआएको सहकारी संस्थाले जनाएका छन्। कृषि सामग्री कम्पनी लिमिटेड लमही शाखामा एकसाता अघि २५ टन मात्रै डिएपी मल आएको शाखा प्रमुख घनश्याम कहारले बताउनुभयो। लमही क्षेत्रका लागि एक हजार मेट्रिक टन युरिया र सात सय मेट्रिक टन डिएपी आवश्यक पर्छ तर संस्थामा मल छैन। मलको आवश्यकता धेरै भएकाले वितरणमा समस्या परेको छ, उहाँले भन्नुभयो।समयमा मल आयो भने वितरण गर्न सजिलो हुन्छ। खेतीपातीको समय सुरु भइसक्यो किसानलाई आवश्यकता परेको समयमा मल दिन नसक्दा नराम्रो लाग्छ। घोराहीमा २३२ मेट्रिक टन डिएपी मल स्टक छ। डिएपी एक दुई दिनमा वितरण गरिनेछ। धान खेतीका लागि घोराही क्षेत्रका लागि एक हजार दुई सय मेट्रिक टन युरिया र आठ सय मेट्रिक टन डिएपी आवश्यक पर्ने हो तर आवश्यकता पूरा गर्ने मल कृषि सामग्री कम्पनीसँग नभएको कम्पनीका घोराही शाखा प्रमुख टोपाराम गौतमले जानकारी दिनुभयो। जिल्लाका तीन स्थानबाट अनुदानको रासायनिक मल सहकारी संस्थामार्फत वितरण गर्ने गरिएको उहाँले जानकारी दिनुभयो।

घोराहीमा आउने रासायनिक मल रोल्पा, रुकुम पश्चिम र तुलसीपुरमा आएको मल सल्यानसम्म वितरण गर्नुपर्ने जिम्मेवारी रहेको प्रमुख गौतमको भनाइ थियो।तुलसीपुर क्षेत्रमा दुई महिनाका लागि एक हजार ६०० मेट्रिक टन युरिया र एक हजार टन डिएपी आवश्यक पर्ने भए पनि अहिले मल नभएको उक्त लिमिटेडका तुलसीपुर शाखा प्रमुख तीर्थराज न्यौपानेले बताउनुभयो । तुलसीपुरमा करिब १५० मेट्रिक टन डिएपी स्टक भए पनि यो पर्याप्त छैन। कृषि ज्ञान केन्द्र कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा खेतीयोग्य कूल २९ लाख पाँच हजार ५०० हेक्टर जमिनमध्ये खेतीयोग्य जमिन ६९ हजार ९५० हेक्टर रहे पनि ६५ हजार ९८० हेक्टर जमिनमा मात्र खेती गरिएको छ। दाङमा बाह्रैमहिना सिँचाइ हुने क्षेत्र १९ हजार ६५१ हेक्टर जमिन रहेको केन्द्रका कृषि प्रसार अधिकृत रुद्रमणि पौडेलले जानकारी दिनुभयो। मौसमी सिँचाइ हुने क्षेत्र तीन लाख नौ हजार २११ हेक्टर रहेको छ।यसवर्ष समयमा पानी पर्ने सङ्केत देखिएकाले उक्त जमिनमा बाली उब्जनी हुने र जमिन बाझै नरहने नहुने अनुमान गरिएको छ।रासस

# लोमान्थाङमा सडक बत्ती



**टुडे एक्सप्रेस** / मुस्ताङ

माटोको पर्खालले घेरिएको मुस्ताङको धार्मिक, पर्यटकीय महत्वको ऐतिहासिक र सांस्कृतिक बस्ती लोमान्थाङमा सडक बत्ती जडान भएको छ।लोमान्थाङ गाउँपालिकाको केन्द्रसमेत रहेको लोमान्थाङका चोक र सडक छेउमा सडक बत्ती जोडेर रातको समयमा उज्यालो बनाइएको हो। अमेरिकन हिमालयन फाउण्डेशनको आर्थिक सहयोगमा लोमान्थाङ गाउँपालिका र जिग्मे फाउण्डेशनको समन्वयमा १५०सडक बत्ती जडान गरिएको उपभोक्ता समितिका अध्यक्ष छेवाङ गुरुङले जानकारी दिनुभयो। लोमान्थाङको पर्खालभित्र र बाहिरको सडक छेउमा बत्ती जडान गरिएको छ, उहाँले भन्नुभयो रातको समयमा उज्यालो हुँदा हिँडडुल गर्न सहज हुनुका साथै गाउँ आकर्षक बनेको छ। एक सय ४६ वटा काठका पोल र चार वटा व्यक्तिका घरमा सडक बत्ती जडान गरिएको छ।

काठका पोललाई कलात्मक बनाइएको छ। बस्तीभित्र विद्युत्को तारलाई भूमिगत बनाइएको छ। सन् २०२० देखि सुरु गरिएको सडक बत्ती जडान गर्ने काम केही दिनअघि मात्रै सकिएको हो। जिग्मे फाउण्डेशनका कार्यक्रम निर्देशक पाङदेन ढोल्कर गुरुङले सडक बत्ती जडान गर्न रु ४९ लाख खर्च भएको जानकारी दिनुभयो। केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा पुगेपछि जनप्रतिनिधिहरूले सडक बत्ती जडानको योजना अघि सारेका थिए। सडक बत्तीको मिटर बक्स जडान गरेको लोमान्थाङ गाउँपालिकाले महशुल तिर्ने व्यवस्था मिलाएको छ। माटोको पर्खालभित्र रहेको लोमान्थाङको मुख्य बस्तीमा तत्कालीन मुस्ताङ राजाको दरबार र गुम्बासहित करिब २०० माटोले बनेका घर छन्। ऐतिहासिक महत्वको लोमान्थाङ बस्ती पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ।रासस

# म्याग्दीमा पाठ्यपुस्तक अभाव

**टुडे एक्सप्रेस** / काठमाण्डौ

नयाँ शैक्षिकसत्र सुरुको तीन साता बितिसक्दा पनि म्याग्दीका सामुदायिक तथा संस्थागत विद्यालयका पाठ्यपुस्तक अभाव भएको छ। यसबाट पठनपाठन प्रभावित हुन थालेको छ भने विद्यार्थीहरू विद्यालय जान मानेका छैनन् भने शिक्षकहरू फुर्सदिला बनेका छन्।

गत वैशाख २५ गतेदेखि जिल्लामा पठनपाठन सुरु भए पनि विद्यार्थीले अझैसम्म पनि पाठ्यपुस्तक पाउनसकेका छैनन्। विद्यालय नियमित सञ्चालन भइरहे पनि पाठ्यपुस्तक आउन नसक्दा विद्यार्थी अन्योलमा परेका हुन्।जिल्लाका दुर्गम भेगका विद्यालयमा मात्रै होइन सरदमुकाम बेनी बजारकै प्रकाश माध्यमिक विद्यालय, बालमन्दिर आधारभूत विद्यालय लगायतका विद्यालमा पनि पाठ्यपुस्तकको अभाव भएको छ। किताब नपाउँदा अध्ययनमा समस्या भएको प्रकाश माविका विद्यार्थी रेशम घिमिरेले बताउनुभयो।अहिले नयाँ किताब नआउँदा पुराना किताब साथीहरूसँग मिलेर पढ्नुपर्ने अवस्था आएको सरस्वती आधारभूत विद्यालयको कक्षा ५ मा अध्ययनरत प्रभात किसानले जानकारी दिनुभयो।जिल्ला सदरमुकामै पढ्ने विद्यार्थीले त पाठ्यपुस्त अहिलेसम्म पाएका छैनन् भने दुर्गमका विद्यार्थीले पाउनसक्ने अवस्था तत्कालै देखिदैन। विद्यार्थीले पाठ्यपुस्त पाउन नसक्दा दुःखद् भएको सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक क्षेमबहादुर पुनले बताउनुभयो। उहाँले जिल्ला सदरमुकामकै विद्यालयमा अहिलेसम्म पाठ्यपुस्तक आइनसकेको जनाउँदै दुर्गमका गाउँमा झनै पुग्न नसक्ने प्रतिक्रिया दिनुभयो।नयाँ पुस्तक नपाउँदा विद्यार्थीलाई पढ्न र शिक्षकलाई पढाउन समस्या भएको अर्जुन माध्यमिक विद्यालय भकुण्डेका शिक्षक रघुनाथ शर्माले बताउनुभयो। पाठ्यक्रम फेरिएको सामुदायिक विद्यालयको कक्षा ४ र ७ का विद्यार्थीसँग पुस्तक छैन। पाठ्यक्रम यथावत भएका अन्य कक्षाका विद्यार्थीले पुराना पुस्तक पढ्ने गरेका छन्। कक्षा ४ र ७ को पाठ्यक्रम यस वर्षदेखि परिवर्तन भएको छ।

पाठ्यक्रम नफेरिएका कक्षाका विद्यार्थीलाई पुराना पुस्तक उपलब्ध गराइएको छ। उपल्लो कक्षामा गएका विद्यार्थीलाई यसअघि उनीहरूले प्रयोग गरेको पुस्तक फिर्ता मागेर उपलब्ध गराएका हुन्। पुस्तक व्यवसायी तथा वितरकहरूका अनुसार निजी विद्यालयको कक्षा ४, ७ र ९ को पनि पूरा पुस्तक आएको छैन। यसअघिका वर्षमा शैक्षिकसत्र सुरु हुनुअघि नै विद्यार्थीको हात-हातमा पुस्तक उपलब्ध गराइँदै आएको थियो। म्याग्दीका पुस्तक व्यवसायीले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट ल्याएको पुस्तक बेनीमा बिक्री केन्द्र राखेर विद्यालयलाई उपलब्ध गराउँदै आएका छन्।दुई सय ३२ सामुदायिक विद्यालय भएको म्याग्दीमा एउटा कक्षाका लागि एक हजार ७०० देखि दुई हजार सेट पुस्तक आवश्यक पर्छ। पुस्तक खरिदका लागि म्याग्दीमा वार्षिक रु एक करोड १२ लाखभन्दा बढी बजेट खर्च हुन्छ। रासस




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर